मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति'को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २१५ | २०८० साल असार ०१ गते शुक्रबार | Friday 16, June 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## मधेशको आर्थिक सर्वेक्षण पहिलो पटक सार्वजनिक
## प्रदेशमा गरिबको संख्या झन्डै १२.९६ लाख



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका अर्थमन्त्री संजयकुमार यादवले प्रदेश सरकारको पहिलो आर्थिक सर्वेक्षण पेश गरेका छन् । सर्वेक्षणमा समग्र प्रदेशको आर्थिक सामाजिक अवस्थाको चित्रण गरिएको छ।
मन्त्री यादवले मधेश प्रदेश सरकारले पहिलो पटक चालु आव २०७९/८० को आर्थिक सर्वेक्षण प्रस्तुत गरेपछि अव उप्रान्त यस प्रदेशले बजेट पेश गर्नु अगावै आर्थिक सर्वेक्षण सार्वजनिक गरी प्रदेशको समग्र आर्थिक र सामाजिक अवस्थाको वास्तविक विवरण जनता समक्ष पारदर्शी तरिकाले प्रस्तुत गर्ने आशा व्यक्त गरेका छन्।
सर्वेक्षणमा मधेश प्रदेशको आर्थिक स्थिति, सार्वजनिक वित्तको अवस्था, कृषि, वन, गरिबी निवारण, श्रम, रोजगार, उर्जा, सिँचाई, सञ्चार, उद्योग, वाणिज्य, जनसंख्या, शिक्षा, स्वास्थ्य, सुशासन लगायतका क्षेत्रगत विकासको अवस्था, आर्थिक, सामाजिक सूचक एवं परिसूचकको तथ्यांकलाई विश्लेषण गरिएको छ।
आर्थिक सर्वेक्षणमा कोरोना महामारीबाट प्रभावित विश्व अर्थतन्त्र क्रमिकरूपले सुधारोन्मूख हुँदैगएपनि, रूस-युक्रेन युद्धले वस्तुको मूल्यमा तीव्र वृद्धि भई विश्व मुद्रास्फीतिमा परेको दबाबले अर्थतन्त्र संकुचनमा परेको ठहर गरिएको छ। यसको प्रभाव मधेश प्रदेशमा पनि परेको देखिन्छ। खासगरी, मधेश प्रदेशको उत्पादनमूलक उद्योग, निर्माणक्षेत्र, थोक(खुद्राव्यापार तथा गाडी मोटरसाइकल सेवा क्षेत्र, यातायात र भण्डारण क्षेत्रमा वृद्धि दर यस चालु आव २०७९/८० मा ऋणात्मक रहने अनुमान केन्द्रीय तथ्यांक विभागले गरेको छ। यद्यपि, गत आव २०७८/७९ मा कृषि, वन, मत्स्यपालन क्षेत्रमा मात्र १.३४ प्रतिशत वृद्धिदर भएतापनि चालु आव २०७९/८० मा सुधार भई ३.३२ प्रतिशतको वृद्धि हुने अनुमान गरिएको छ।
समग्रमा देशको आर्थिक वृद्धि दर ( आधारभूत मूल्यमा) चालु आव २०७९/८० मा मात्र २.१६ रहने अनुमान गरिएको छ भने, मधेश प्रदेशको आर्थिक वृद्धि दर मात्र १.९० प्रतिशत मात्र रहने अनुमान गरिएको छ। सोही अवधिमा समग्र देशको आर्थिक वृद्धि दर खरिदकर्ताको मूल्यमा १.८६ प्रतिशत रहने अनुमान छ भने, मधेश प्रदेशको १.६९ प्रतिशत रहने उल्लेखछ।
नेपालको प्रतिव्यक्ति आय , आर्थिक सर्वेक्षणले चालु आव २०७९/८० मा १,३९९ अमेरिकी डलर रहने अनुमान गरिएको छ भने, केन्द्रीय तथ्यांक विभागका अनुसार चालु आवमा मधेश प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ८७५ डलर हुने अनुमान छ । यस प्रदेशको प्रतिव्यक्ति आय सातवटै प्रदेशको तुलनामा सबैभन्दा कम रहेको सर्वेक्षणमा उल्लेख छ।

पूर्ण पाठ पृष्ठ २ मा

यस आवमा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिव ७ खर्व ७ अर्ब हुने अनुमान छ भने, गत आवको संशोधित अनुमान करिव ६ खर्व ५० अर्ब रहेको छ । गत आव २०७८/७९ मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको १३.१ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आव २०७९/८० मा समेत १३.१ प्रतिशत योगदान पुर्याउने अनुमान गरिएको छ।
प्रदेशको कुल विनियोजित बजेट आव २०७९/८० मा चालु खर्चतर्फ करिब २० अर्ब ९३ करोड भएकोमा सोही अवधिमा पुँजीगततर्फ करिब २५ अर्ब ९८ करोड गरी जम्मा ४६ अर्ब ९१ करोड रहेको थियो। प्रदेशको आव २०७९/८० को विनियोजित बजेटको चैत मसान्त सम्मको चालु खर्च ४ अर्ब ३६ करोड र पुँजीगततर्फ ५ अर्ब ६८ करोड गरी जम्मा करिब १० अर्ब ५ करोड भएको देखिन्छ। चालु आव २०७९/८० को चैत मसान्तसम्म कुल विनियोजित बजेटको जम्मा २१.४२ प्रतिशत खर्च भएको छ।
चालु आव २०७९/८० (१७ जेठ २०८० सम्म) मा मधेश प्रदेशको कुल राजस्व योगदान करिब २२ अर्ब ४२ करोड रहेको छ। आव २०७५/७६ को तुलनामा चालू आव २०७९/८० मा प्रदेशमा समग्रमा बैंक तथा वित्तीय संस्थाहरूमा (क, ख, ग र घ वर्गको) ४७.८ प्रतिशतले वृद्धि भएको देखिन्छ। यस प्रदेशमा एटिएम संख्यामा आव २०७६/७७ को तुलनामा २०७९/८० (चैत्र मसान्तसम्म) १७ प्रतिशतले वृद्धि भएको देखिन्छ। डेबिट कार्डतर्फ सोही अवधिमा ६४ प्रतिशतको वृद्धि भएको देखिन्छ। त्यस्तै, क्रेडिट कार्डको संख्यामा सोही अवधिमा झन्डै १२६ प्रतिशतको वृद्धि भएको छ।
सबै वित्तिय संस्थाको निक्षेप संख्या २०७६/७७ देखि २०७९/८० सम्ममा करिब ६८ प्रतिशतले बढेको छ। आव २०७६/७७ मा ५,०३१ जनालाई सेवा दिदै आएकोमा बैंक तथा वित्तीय समावेशीतालाई थप विस्तार गरी २०७९/८० ( फाल्गुन मसान्तसम्म) मा ३,५११ जनामा औसत प्रति बैंकले सेवा दिदै आएको छ। बैंक तथा वित्तीय संस्थाहरूमा निक्षेप संकलनमा आव २०७६/७७ को तुलनामा २०७९/८० (फाल्गुन मसान्तसम्म) को वृद्धि ३८.१ प्रतिशत देखिन्छ। साथै, मधेस प्रदेशमा कर्जा प्रवाहमा आव २०७६/७७ को तुलनामा २०७९/८० मा ५९ प्रतिशत वृद्धि देखिन्छ।
प्रदेशका लघुवित्त संस्थाहरूबाट आव २०७८/७९ मा कुल लगानीको करिब ४८ प्रतिशत कृषि क्षेत्रमा लगानी भएको छ भने, साना तथा घरेलु उद्योगमा १२ प्रतिशत देखिन्छ। त्यस्तै, सोही अवधिमा सेवा क्षेत्रमा लघुवित्त संस्थाहरूबाट ३९ प्रतिशत लगानी देखिन्छ भने अन्य क्षेत्रमा १ प्रतिशत लगानी गरेको देखिन्छ। यस प्रदेशले नेपालको कुल क्षेत्रफलमध्ये ६.६ प्रतिशत ९९,६६१ वर्ग किमि ओगटेको छ। आव २०७६/७७ मा नेपालको कुल खेतीयोग्य जमिनको १७.७५ प्रतिशत र खेती गरिएको जमिनको १९.०२ प्रतिशत मधेश प्रदेशमा रहेको छ। यो प्रदेशमा नेपालकै सबैभन्दा बढी सिंचित जमिन २८.६८ प्रतिशत रहेको देखिन्छ। देशको कुल क्षेत्रफलको तुलनामा यो प्रदेशमा खेती नभएको जमिन १२.२६ प्रतिशत छ।

बाँकी पृष्ठ २ मा

## उच्च स्तरीय संसदीय छानविन समितिको प्रतिवेदन पेश



*करिब १ अर्बका विभिन्न योजनाको समयमा भुक्तानीका लागि उच्च स्तरीय संसदीय छानविन समिति नै बनाएर काम सम्पन्न भएको तर भुक्तानी नपाएका सबै योजनाको स्थलगत निरीक्षण गरी रायसहितको प्रतिवेदन प्रदेश सभामा पेश गरिएको हो ।*

**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रदेश सरकार तथा प्रदेश सभाका सदस्यहरूको विभिन्न उपभोक्ता समिति मार्फत आर्थिक वर्ष २०७८-७९ मा सम्पन्न भएको विभिन्न योजनाहरूको भुक्तानी दिनका लागि गठन गरेको उच्च स्तरीय संसदीय छानविन समितिले प्रतिवेदन पेश गरेको छ।
समितिकी सभापति रानी शर्मा तिवारीले प्रदेशमा सञ्चालित ५९७ योजनाहरूको स्थलगत अनुगमन गरेर तयार पारिएको प्रतिवेदन प्रदेश सभाको बैठकमा पेश गर्नुभएको हो।
करिब १ अर्बका विभिन्न योजनाको समयमा भुक्तानीका लागि उच्च स्तरीय संसदीय छानविन समिति नै बनाएर काम सम्पन्न भएको तर भुक्तानी नपाएका सबै योजनाको स्थलगत निरीक्षण गरी रायसहितको प्रतिवेदन प्रदेश सभामा पेश गरिएको हो।
५१४ वटा योजना प्रतिवेदनमा समावेश गरिएको र बाँकी ८३ वटा योजनाको फाइल सम्बन्धित मन्त्रालयमा पठाइएको सभापति रानी शर्मा तिवारीले जानकारी दिईन्। मधेश प्रदेश सरकारले दोस्रो पटक उच्च स्तरीय संसदीय समिति बनाएर योजनाको भुक्तानी दिने भएको छ।
सभापति तिवारीले अब सबै योजनाको सम्झौता तथा भुक्तानीको काम समयमै सम्पन्न गर्न समय सीमा निर्धारणका लागि सरकारसँग माग गरेकी छन्।

## सिक्का नचल्ने नाममा सरकारी निकायमा ठगी धन्दा मौलाउँदै



**विकास अग्रवाल**
**रौतहट।**
रौतहटमा लामो समयदेखि नेपाली सिक्का लेनदेन बन्द हुँदा विभिन्न सरकारी निकायहरुमा ठगी धन्दा मौलाउँदै गएको छ।
सिक्काको लेनदेन नहुँदा कुनै न कुनै बहानामा उपभोक्ताहरु सरकारी अड्डा देखि लिएर बजारसम्म दिनहुँ ठगिने गरेका हुन्।
सरकारले ठोस नीति बनाउन नसक्दा उपभोक्ताहरु सरकारी, गैरसरकारी कार्यालयहरुमा तथा किनमेल गर्दा ठगिने गरेको पाईएको छ। सेवाग्रहीहरुलाई ठग्ने कार्यबाट न्याय सम्पादन गर्ने निकायसमेत अछुतो रहन सकेको छैनन्।
उपभोक्ताहरु दिनहुँजसो बजारमा किराना, औषधी लगायतका भान्साका समान खरिद गर्दा होस् वा कार्यालयमा कर दाखिला गर्दा होस् उनीहरु दैनिक रुपमा ठगिने गरेको गौरका समाजसेवी विक्रान्त विक्रम नेपालले बताए। एक र दुई रुपैयाँको सिक्का प्रचलनमा नआउँदा सर्वसाधारणहरु आर्थिक रुपमा ठगिन बाध्य भएको उनले जनाए।
समानहरु बिक्री वितरण गर्दा २२ रुपैयाको समान २५ रुपैया अथवा २० रुपैयामा घाटा सहेर बेच्नुपर्ने बाध्यता छ, गौरका खुद्रा व्यवसायी सञ्जय केशरीले भने ग्राहकहरु आउँदा समानको मूल्य कति हो भनेर सोध्दा २२ रुपैयाको समान २५ रुपैया रहेको भन्न बाध्य भएका छौं। समानमा तोकेको मुल्य हेर्दा ग्राहकहरु विवाद गर्छन उनले व्यवसायी केशरीले बताए। २२ रुपैया तोकेको समानलाई किन २५ मा दिएको भन्दै बहस गर्दा बाध्य भएर चकलेट दिने गरेका छौं। सिक्का नचल्ने नाउँमा दुई तिन रुपैया कम मूल्य भएको समान पनि उपभोक्ताहरुले महँगोमा खरिद गर्नुपर्ने बाध्यता रहेको गौर नगरपालिका ५ कि गृहणी रेणु खनालले बताईन्। उनले बजार देखि सरकारी अड्डाहरुमा प्रत्येक नागरिकले दुई तिन रुपैया ठगिदा दैनिक कति नागरिक ठगिएका होलान् अनुमान लगाउन मुश्किल भएको बताईन्।
कुनै पनि सरकारी वा गैरसरकारी कार्यालयहरुमा जाँदासमेत एक दुई रुपैया नत फिर्ता दिन्छन् नत कम लिन्छन्। यसरी दिनहुँ एक दुई रुपैयाको नाममा लाखौं रुपैया ठगी तथा अनियमितता हुँदै आएको देखिन्छ। एक रुपैयामा पाउने चकलेट लिन पनि सिक्का लिएर गए पाउँदैन पाँच रुपैया भन्दा कमको दिन नै मान्दैनन्। एक दुई रुपैयाको सिक्का प्राय बजारबाट हराईसकेको बताउँदै गौरका पान पसल कमलेश सहनीले बिरलै कोही लिएर आएपनि हामीले लिन मान्दैनौ। लिएको सिक्का नत व्यवसायीले लिन्छन् नत बैकले लिन्छन् त्यही भएर हामी सिक्का लिन बन्द गरेको बताए।
नेपालमा सिक्काको चलनचल्ती नरोकिएको र अहिले पनि नेपाल राष्ट्र बैंकसँग पर्याप्त सिक्काहरु मौजदात रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। नेपालमा सिक्का प्रचलनमा नरहेको भनी भ्रम मात्र हो अहिले पनि सिक्का लिने दिने कार्य हुने गरेको छ।
यता सरकारी अड्डाहरु पनि रसिद काट्दा सात, आठ नौ रुपैया नै काटिने तर लिने बेलामा १० भन्दा कम लिईदैन। सरकारी कार्यालयहरुमा समेत सेवाग्रहीलाई खुद्रा पैसा लिने दिने नगरेको सेवाग्रहीहरु बताउँछन्। विद्युत शुल्कमा ५६/५७ आयो भने ६० रुपैया लिने तर, रसिद काट्दा जति आएको हुन्छ त्यतिकै काट्ने गरेको सेवाग्रहीहरुको गुनासो रहेको छ।
स्थानीय बजारमा बिक्री वितरण हुने समानहरुको गुणस्तर चेकजाँच र बजार अनुगमन स्थानीय निकाय तथा प्रशासनको प्रमुख जिम्मेवारी रहेको हुन्छ। उनीहरु आफ्नो कर्तव्य र दायित्वबाट चुकेकै कारण अहिले उपभोक्ताहरु मारमा परेको नागरिक समाज रौतहटका अगुवा विजयकिशोर झाले बताए। देशको हरेक स्थानमा सिक्काको चलनचल्ती कायम रहेपनि रौतहटमा सिक्का नचल्ने नाउँमा ठगी धन्दा बढेको उनको आरोप थियो।
बैंकले सिक्काको लेनदेनमा कमी ल्याएको कारण सिक्काको प्रचलन हराउँदै गएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी धमेन्द्र मिश्रले जानकारी दिए। सिक्का नचल्ने नाँयमा ठगी गर्ने जो कोहीलाई पनि कानुन बमोजिम कारबाही गर्ने समेत उनले चेतावनी दिए।


मधेश प्रदेशकै विशेषज्ञ अस्पतालको रुपमा स्तरउन्नति भएकोमा यस अस्पतालका सम्पूर्ण चिकित्सक, कर्मचारी तथा शुभचिन्तकहरुमा हार्दिक बधाई छ ।
हाम्रा सेवाहरु :-

कैथलैबबाट मुटुसम्बन्धी सम्पूर्ण ईलाजमा रु. एक लाखसम्म छुट
चोटपटक लागि न्यूरो सर्जरी ईलाजमा रु. एक लाखसम्म छुट
MRI, CT SCAN
फ्री डाईलाइसिस सेवा
स्वास्थ्य वीमा कार्यक्रम
आमा सुरक्षा कार्यक्रम अन्तर्गत फ्री प्रसूति सेवा
वीरगंज हेल्थ केयर अस्पताल
बहुअरी, वीरगंज महानगरपालिका-१४
सम्पर्क नं.: ९८७४२९२००४
info@bhchospital.com
www.bhchospital.com

# गाईको मासु बेच्नेलाई कारवाहीको माग


मिति: २०८० साल जेठ ३२ गते ।

श्री प्रमुख जिल्ला अधिकारीज्यु,
जिल्ला प्रशासन कार्यालय काठमाडौं
काठमाडौं, नेपाल।

विषय: गाईको मासु बिक्री वितरण गर्नेलाई कारवाही गरीपाउँ ।

महोदय,

काठमाडौंको ठमेलमा रहेको होटल बिस्मिल्लाहले नेपालको कानुनको गम्भीर उल्लङ्घन गर्दै उक्त होटेलले खुलेआम गाईको मासु बिक्री गर्ने गरेको छ । मुलुकी अपराध संहिता २०७४ को दफा २८९ नं. अनुसार गाइ गोरु काट्न मार्न प्रतिवन्धित गरेकोछ ।

कानूनको संरक्षण र समाजिक सद्भाव प्रवर्द्धन गर्न समर्पित एक नागरिक संस्था 'राष्ट्रिय एकता अभियान'को अध्यक्षको हैसियतमा म यस गैरकानूनी गतिविधिलाई उपयुक्त कारबाहीका लागि तपाईंको कार्यालयमा उजुरी गर्न बाध्य भएको हु।

होटल बिस्मिल्लाहले गरेको अपराध दोहोरो छ । सर्वप्रथम, उनीहरूले मेनुमा उपलब्ध वस्तुको रूपमा गाईको मासुलाई सूचीबद्ध गरेका छन्, जसले उनीहरू सक्रिय रूपमा गाईको मासु बिक्रीमा संलग्न छन् भनी प्रमाण दिन्छ। सो मेनुको नक्कल यसैसाथ सन्लग्न गरिएको छ। यो नेपालको भू-भागमा गाई काटेर गाईको मासु बिक्री गर्न निषेध गर्ने प्रचलित कानुनको प्रत्यक्ष उल्लङ्घन हो।

दोस्रो, गाईको मासुको अवैध बिक्रीले कानुनी चिन्ता मात्र नभई बहुसंख्यक नेपाली जनताको सांस्कृतिक र धार्मिक संवेदनशीलतामाथि पनि ठेस पुर्याउँछ। नेपालमा विविधतायुक्त समाज छ, जनसंख्याको एक महत्वपूर्ण भागले गाईको मासुको उपभोगलाई निषेध गर्ने धार्मिक अभ्यासहरू पालन गर्दछन। होटल बिस्मिल्लाहको कार्य यी सांस्कृतिक र धार्मिक भावनाहरूप्रति अपमानजनक छन् र यसले हाम्रो समुदायमा सामाजिक अशान्ति निम्त्याउने सम्भावना रहन्छ।

तसर्थ, म तपाईलाई यस विषयमा छानविन गर्न गराउन र होटल बिस्मिल्लाह र त्यसका संचालक विरुद्ध कारबाही गर्न विनम्र अनुरोध गर्दछु । होटेल बिस्मिलाहमाथीको कारवाहीले अरूलाई त्यस्ता गैरकानूनी गतिविधिहरूमा संलग्न हुनबाट निरुत्साहित मात्र गर्दैन, हाम्रो समुदायको सद्भाव र एकताको रक्षा पनि गर्दछ।

म अनुसन्धान प्रक्रियाको क्रममा आवश्यक कुनै पनि अतिरिक्त जानकारी वा सहयोग प्रदान गर्न तयार छु। मलाई विश्वास छ कि तपाईले यस विषयमा कारबाहीको लागि प्रक्रिया चलाउनु हुने छ । गैर कानूनी कार्य रोक्न आवश्यक कदम चाल्नुहुनेछ।

विनय यादव,
राष्ट्रिय अध्यक्ष,
राष्ट्रिय एकता अभियान






**मधेशदृष्टि**
**काठमाडौं।**
राष्ट्रिय एकता अभियानले काठमाण्डौको ठमेलमा रहेको होटल बिस्मिल्लाहलाई कारवाही गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा उजुरी दिएको छ। अभियानका अध्यक्ष विनय यादवले काठमांडौका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायलाई भेटी नेपालको प्रचलित कानुन विपरित विस्मिल्लाह होटलले खुलेयामा गाईको मासु बिक्री गरेकोले कारवाही गर्न माग गर्दै उजुरी दिएका हुन्।

जिल्ला प्रशास कार्यालयले पत्रसहित उजुरी जिल्ला प्रहरी परिषर काठमाण्डौंमा पठाएको छ । उजुरीमा होटल बिस्मिल्लाहले दोहोरो अपराध गरेको उल्लेख छ । 'उनीहरूले मेनुमा उपलब्ध वस्तुको रूपमा गाईको मासुलाई सूचीबद्ध गरेका छन्, जसले उनीहरू सक्रिय रूपमा गाईको मासु बिक्रीमा संलग्न छन् भनी प्रमाणित गर्छ' उजुरीमा भनिएको छ 'यो नेपालको अधिकार क्षेत्र भित्र गाईको मासु बिक्री गर्न निषेध गर्ने प्रचलित कानुनको प्रत्यक्ष उल्लङ्घन हो।'

अर्कोतर्फ गाईको मासुको अवैध बिक्रीले कानुनी चिन्ता मात्र नभई बहुसंख्यक नेपाली जनताको सांस्कृतिक र धार्मिक संवेदनशीलतामाथिको प्रहार भएको उजुरीमा उल्लेख छ । 'नेपालमा विविधतायुक्त समाज छ, जनसंख्याको एक महत्वपूर्ण भागले गाईको मासुको उपभोगलाई निषेध गर्ने धार्मिक अभ्यासहरू पालन गर्दछ । होटल बिस्मिल्लाहको कार्य यी सांस्कृतिक र धार्मिक भावनाहरूप्रति अपमानजनक छन् र यसले हाम्रो समुदायमा सामाजिक अशान्ति निम्त्याउने सम्भावना रहन्छ' उजुरीमा भनिएको छ।

अभियानका अध्यक्ष विनय यादवद्वारा हस्ताक्षरित उजुरीमा उक्त विषयमा छानबिन गर्न र होटल बिस्मिल्लाह विरुद्ध उचित कानुनी कारबाही गर्न माग गरिएको छ । 'होटेल विस्मिलाहमाथीको कारवाहीले अरूलाई त्यस्ता गैरकानूनी गतिविधिहरूमा संलग्न हुनबाट निरुत्साहित मात्र गर्दैन, हाम्रो समुदायको सद्भाव र एकताको रक्षा पनि गर्दछ' उजुरीमा भनिएको छ।

# प्राथमिक उपचारवारे अभिमुखीकरण सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज।**
आँखा, कान, नाक, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि प्राथमिक उपचार बारे तीने दिने अभिमुखिकरण सम्पन्न भएको छ।

स्वास्थ्य कार्यालय पर्साद्वारा आयोजित अभिमुखिकरणमा पर्साको सखुवा प्रसौनी, जगरनाथपुर, जिराभवानी र पटेर्वासुगौली गाँउपालिकाका स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य संस्थामा कार्यरत २१ जना स्वास्थ्यकर्मीहरु सुहभागी थिए ।




उनिहरुलाई नारायणी अस्पतालका विशेषज्ञ चिकित्सकहरुले हरेक स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवाको आधारभुत सेवा प्रवाह गर्नका लागि तालिम दिइएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिए।

अभिमुखीकरण तालिममा डेण्टल सर्जन डाक्टर मनोज उपाध्याय, आँखारोग विशेषज्ञ डाक्टर हरिकान्त प्रसाद साह र डाक्टर कमोद श्रेष्ठका साथै स्वास्थ्य कार्यालय पर्साका प्रमुख नवलकिशोर साह, जनस्वास्थ्य अधिकृत जयमोद ठाकुर र मोहनलाल साहले पनि सहजीकरण गरेका थिए ।अभिमुखिकरण तालिममा पालिकामा रहेका हरेक स्वास्थ्य संस्थामा आँखा कान, नाक, घाटी तथा मुख स्वास्थ सम्बन्धि प्राथमिक उपचार बारे सामग्री माग गर्न स्वास्थ्यकर्मीहरुलाई सक्षम बनाउने विषयमा प्रशिक्षण पनि दिइएको ठाकुरले बताए।

# मधेशको आर्थिक सर्वेक्षण पहिलो पटक ...

समग्र नेपालको गरिबीको सूचकांक हेर्ने हो भने नेपालका १७.४ प्रतिशत अर्थात ४९, ८०,००० जना व्यक्ति गरिबीको रेखामुनि रहेका छन् । नेपालमा सबैभन्दा बढी गरिबहरू झन्डै १२.९६ लाख मधेश प्रदेशमा बसोबास छन् । जनसंख्याको प्रतिशतका हिसाबले मधेश प्रदेशको २४.२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् । गरिबीको तीव्रता अर्थात गरिबीको रेखाबाट कति टाढा छ भनेर हेर्ने मापन सबैभन्दा बढी मधेश प्रदेशमै ४३.३ प्रतिशत छ। बहुआयामिक गरिबीको सूचकांकका सबै पक्षहरूमा मधेश प्रदेश समग्र राष्ट्रिय अवस्था भन्दा चिन्ताजनक नै रहेको छ। नेपालका सबैभन्दा धेरै श्रम स्वीकृति लिने १० जिल्लामध्ये सन् २०१९/२० मा मधेश प्रदेशका ६ जिल्ला, सन् २०२०/२१ मा ५ जिल्ला र सन् २०२१/२२ मा ६ जिल्ला छन् । पछिल्लो तीन वर्षको अवधिमा धनुषा जिल्लाबाट सबैभन्दा बढी श्रम स्वीकृति लिइएको छ। मधेश प्रदेशमा १९ लाख ८७ हजार श्रमिकमध्ये लगभग ५० प्रतिशत अशिक्षित छन् । मधेश प्रदेशको बेरोजगारी दर झन्डै २०.१५ प्रतिशत छ। यो सबै उमेर समूहमा लागू हुन्छ। सात प्रदेशमध्ये मधेशमा १५ देखि २४ वर्ष उमेर समूहमा ३३.१ प्रतिशत बेरोजगार छन् ।

त्यस्तै, २५ देखि ३९ वर्षमा १८.९ बेरोजगार छन्। ४० देखि ५९ वर्षमा १४.९ बेरोजगार छन् र ६० वर्षभन्दा माथिका ११.२ प्रतिशत बेरोजगार छन् । विद्युत वितरणका आधारमा हालै मधेश प्रदेशका सबै परिवारमा राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत उपलब्ध छ, जुन प्रदेशहरूमध्ये सबभन्दा बढी हो । पेट्रोलियम पदार्थको भण्डारण क्षमताको हिसाबले प्रदेशगत रूपमा मधेश प्रदेशमा नै सबभन्दा बढी भण्डारण ३५.४१ प्रतिशत भएको देखिन्छ। जनकपुरधाम, सिमरा र राजविराज विमानस्थलमध्ये उडान संख्या सिमरा विमानस्थलमा सबभन्दा बढी र राजविराज विमानस्थल सबभन्दा कम रहेको देखिन्छ। सन् २०१५ देखि २०१९ सम्मको तथ्यांक हेर्दा सिमरामा सन् २०१८ मा सबभन्दा बढी उडान ९,५०० भरी १,०७,१५४ जना यात्रुलाई सेवा दिएको र १,३१,४०३ किलोग्राम कार्गो ढुवानी गरेको देखिन्छ। मधेश प्रदेशमा शौचालयको सुविधा नभएको घरपरिवारको संख्या पनि सर्वाधिक १,३९,२१० घरपरिवार छ। मधेश प्रदेशमा ७,२७९ वटा उत्पादन प्रतिष्ठान रहेका छन्। यी प्रतिष्ठानमा ८० हजार ७७३ जना व्यक्तिहरू संलग्न छन्, र प्रतिष्ठानमा ६८ हजार ४८८ जना कर्मचारी छन्। मधेश प्रदेशमा रहेका उत्पादन प्रतिष्ठानहरू ७,२७९ मध्ये मात्र ६५ प्रतिशत सामाजिक सुरक्षामा आबद्ध छन्।

देशको कुल जनसंख्यामध्ये मधेश प्रदेशको जनसंख्या करिब २१ प्रतिशत रहेको छ। मधेश प्रदेशको जनघनत्व सातवटै प्रदेशभन्दा धेरै ६३३ प्रति वर्ग किमि छ। देशको कुल घरधुरी ६६ लाख ६६ हजार ९३७ मध्ये मधेश प्रदेश प्रदेशमा ११ लाख ५६ हजार ७१५ वटा रहेका छन् । प्रदेशको कुल ६१ लाख १४ हजार ६०० जनसंख्यामध्ये ३० लाख ६५ हजार ७५१ पुरुष र ३० लाख ४८ हजार ८४९ महिला छन् । मधेश प्रदेशको औसत घरपरिवारको आकार ५.२९ प्रतिशत रहेका छन् ।

मधेश प्रदेशमा कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान आर्थिक वर्ष २०७९/८० मा १०.३ प्रतिशत रहयो । सातवटै प्रदेशमध्ये मधेश प्रदेशको साक्षरता अवस्था सबैभन्दा न्यून छ । यहाँ ६३.५३ प्रतिशत जनसंख्या साक्षर छन् । महिलाको साक्षरता अवस्था पुरुषको तुलनामा निकै कम छ । साक्षरमध्ये ७२.४५ प्रतिशत पुरुष र ५४.७० प्रतिशत मात्रै महिला छन् । मधेश प्रदेशमा सबैभन्दा बढी साक्षरता भएको जिल्ला पर्सा र सबैभन्दा कम साक्षरता भएको जिल्ला रौतहट ५७.७५ प्रतिशत रहेको छ । मधेश प्रदेशमा एसईई उत्तीर्ण विद्यार्थीको संख्या ७.६१ प्रतिशत छ । प्लस टु उत्तीर्ण विद्यार्थीको संख्या ९.७४ प्रतिशत, स्नातक उत्तीर्ण विद्यार्थीको संख्या ३.३१ प्रतिशत छन् । स्नातकोत्तर सो भन्दा माथि उत्तीर्ण विद्यार्थीको संख्या १.३९ प्रतिशत रहेको छ । केन्द्रीय तथ्यांक विभागको सन् २०२१ को प्रतिवेदन अनुसार मधेश प्रदेशमा १५ देखि ४९ वर्ष उमेर समूहका महिलामध्ये २ हजार ३६१ जना महिलाको मृत्यु भएको देखिन्छ। मृतकमध्ये १४६ जना गर्भवती थिए। तथ्यांक अनुसार १ लाख जन्मेका बच्चामा १५१ जनाको मृत्यु भएको छ। प्रदेशगत रूपमा बालबालिकामा हल्का र मध्यम खालको रक्तअल्पताको दर मधेश प्रदेशमा सबभन्दा बढी छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा सातवटै प्रदेशमध्ये मधेश प्रदेशबाट सबैभन्दा धेरै उजुरी दर्ता हुने गरेको पाइएको छ। आर्थिक वर्ष २०७८/७९ मा २ हजार ८ सय ५८ वटा उजुरी परेको तथ्यांक छ। तीमध्ये ६९.५२ प्रतिशत उजुरी फर्छ्यौट भएको छ। बेरुजुको विषयमा विगत तीन आर्थिक वर्षयता प्रदेश स्तरमा कोशीपछि मधेश प्रदेशमा सबैभन्दा धेरै बेरुजु रकम ठहर भएको देखिएको छ। आर्थिक वर्ष २०७८/७९ मा मधेश प्रदेशमा ५३ करोड ३४ लाख ७४ हजार रुपैँया बेरुजु देखिएको छ। मधेश प्रदेशका स्थानीय तहमा आर्थिक वर्ष २०७८/७९ मा २ अर्ब १३ करोड ७२ लाख १ हजार रुपैयाँ अनियमित भएको आर्थिक सर्वेक्षणमा उल्लेख छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# अर्थमन्त्री संजय यादवले प्रस्तुत गरेको आर्थिक सर्वेक्षणको पुर्णपाठ

माननीय सभामुख महोदय,

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात दोस्रो कार्यकालका लागि निर्वाचित यस गरिमामय प्रदेश सभामा मधेश प्रदेश सरकारको पहिलो आर्थिक सर्वेक्षण पेश गरेको छु । यसमा समग्र प्रदेशको आर्थिक सामाजिक अवस्थाको वास्तविक चित्रण गरिएको छ। मधेश प्रदेश सरकारले पहिलो पटक चालु आ.व. (२०७९/८०) को आर्थिक सर्वेक्षण प्रस्तुत गर्ने यस गरिमामय प्रदेश सभामा अवसर दिनुभएकोमा आभार प्रकट गर्दछु। यो प्रयासले अब उप्रान्त मधेश प्रदेशले बजेट पेश गर्नु अगावै आर्थिक सर्वेक्षण सार्वजनिक गरी प्रदेशको समग्र आर्थिक र सामाजिक अवस्थाको वास्तविक विवरण जनता समक्ष पारदर्शी तरिकाले प्रस्तुत गर्ने आशा लिएको छु।

यस सर्वेक्षणमा मधेश प्रदेशको आर्थिक स्थिति, सार्वजनिक वित्तको अवस्था, कृषि, वन, गरिबी निवारण, श्रम, रोजगार, उर्जा, सिँचाई, सञ्चार, उद्योग, वाणिज्य, जनसंख्या, शिक्षा, स्वास्थ्य, सुशासन लगायतका क्षेत्रगत विकासको अवस्था, आर्थिक-सामाजिक सूचक एवं परिसूचकको तथ्यांकलाई विश्लेषण गर्ने प्रयास गरिएको छ।

माननीय सभामुख महोदय,

मधेश प्रदेशको यो पहिलो प्रयास भएकोले उपलव्ध भएसम्मका विगत वर्षका तथ्यांकहरु, श्रोतसाधन र जनशक्तिबाट गरिएको छ। आगामी आर्थिक वर्षदेखि यसलाई थप उपयोगी बनाउने कार्यमा सबै माननीय प्रदेशसभाका सदस्यज्यूहरु समक्ष सुझावको अपेक्षा गरेको छु।

अन्त्यमा, मधेश प्रदेशको समग्र आर्थिक र सामाजिक स्थितिका सम्बन्धमा जानकारी राख्न चाहने सबै सरोकारवालालाई यो प्रकाशन उपयोगी हुने विश्वास लिएको छु ।

माननीय सभामुख महोदय,

अब म संक्षिप्तमा आर्थिक सर्वेक्षण २०७९/८०का केहि सारांश प्रस्तुत गर्ने अनुमति चाहन्छु :

कोभिड-१९महामारीबाट प्रभावित विश्वअर्थतन्त्र क्रमिकरूपले सुधारोन्मूख हुँदै गएपनि, रूस—युक्रेनयुद्धले बस्तुको मूल्यमा तीव्र वृद्धिभई विश्व मुद्रास्फीतिमा परेको दबावले अर्थतन्त्र संकुचनमा परेको छ। यसको प्रभाव मधेश प्रदेशमा परेको देखिन्छ। खासगरी, मधेश प्रदेशको उत्पादन मूलक उद्योग, निर्माणक्षेत्र, थोक-खुद्रा व्यापार तथा गाडी मोटरसाइकल सेवाक्षेत्र, यातायात र भण्डारणक्षेत्रमा वृद्धि दर यस चालु आ.व. २०७९/२०८०मा ऋणात्मक रहने अनुमान केन्द्रीय तथ्यांक विभागले गरेको छ। यद्यपि, गतआ.व. २०७८/२०७९मा कृषि,वन,मत्स्यपालन क्षेत्रमा मात्र १.३४ प्रतिशत वृद्धिदर भएतापनि चालु आ.व. (२०७९/८०) मा सुधारभई३.३२ प्रतिशतकोवृद्धिहुने अनुमान गरिएको छ।

समग्रमा देशको आर्थिक वृद्धि दर (आधारभूत मूल्यमा) चालु आ.व. (२०७९/२०८०) मा मात्र २.१६ रहने अनुमान गरिएको छ भने, मधेश प्रदेशको आर्थिक वृद्धि दर मात्र १.९० प्रतिशत मात्र रहने अनुमान गरिएको छ। सोही अवधिमा समग्र देशको आर्थिक वृद्धि दर खरिदकर्ताको मूल्यमा १.८६ प्रतिशत रहने अनुमान छ भने, मधेश प्रदेशको १.६९ प्रतिशत रहनेछ।

नेपालकोप्रति व्यक्ति आय , आर्थिक सर्वेक्षणले चालु आ.व. (२०७९/२०८०) मा १,३९९ अमेरिकी डलर रहने अनुमान गरिएको छ भने, केन्द्रीय तथ्यांक विभागका अनुसार चालु आ.व.मा मधेश प्रदेशको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन ८७५ डलर हुने अनुमान छ । मधेश प्रदेशको प्रति व्यक्ति आय सातै वटा प्रदेशको तुलनामा सबैभन्दा कम रहेको छ।

यस आ.व.मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिव रु.७ खर्व ७ अर्ब हुने अनुमान छ भने, गत आ.व.को संशोधित अनुमान करिव रु. ६ खर्व ५० अर्ब रहेको छ । गत आ.व. (२०७८/२०७९) राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको १३.१ प्रतिशत हिस्सा ओगटेको मधेश प्रदेशले यस आ.व. (२०७९/२०८०) मा समेत १३.१ प्रतिशत योगदान पुर्याउने अनुमान गरिएको छ ।

मधेश प्रदेशको कुल विनियोजित बजेट आ.व. २०७९/२०८० मा चालु खर्चतर्फ करिब २० अर्ब ९३ करोड भएकोमा सोही अवधिमा पुँजीगततर्फ करिब २५ अर्ब ९८ करोड गरी जम्मा ४६ अर्ब ९१ करोड रहेको थियो ।

मधेश प्रदेशको आ.व. २०७९/२०८० को विनियोजित बजेटको चैत मसान्त सम्मको चालु खर्च ४ अर्ब ३६ करोड र पुँजीगततर्फ ५ अर्ब ६८ करोड गरी जम्मा करिब १० अर्ब ५ करोड भएको देखिन्छ । चालु आ.व २०७९/२०८० को चैत मसान्तसम्म कुल विनियोजित बजेटको जम्मा २१.४२ प्रतिशत खर्च भएको देखिन्छ।

चालु आ.व. २०७९/२०८० (१७ जेठ २०८० सम्म) मा मधेश प्रदेशको कुल राजस्व योगदान करिब २२ अर्ब ४२ करोड रहेको देखिन्छ।

आ.व. २०७५/७६ को तुलनामा चालू आ.व. (२०७९/८०) मा मधेश प्रदेशमा समग्रमा बैंक तथा वित्तीय संस्थाहरूमा (क, ख, ग र घ वर्गको) ४७.८ प्रतिशतले वृद्धि भएको देखिन्छ।

मधेश प्रदेशमा एटिएम संख्यामा आ.व. २०७६/७७ को तुलनामा २०७९/८० (चैत्र मसान्तसम्म) १७ प्रतिशतले वृद्धि भएको देखिन्छ। डेबिट कार्ड तर्फ सोही अवधिमा ६४ प्रतिशतको वृद्धि भएको देखिन्छ। त्यस्तै, क्रेडिट कार्डको संख्यामा सोही अवधिमा झन्डै १२६ प्रतिशतको वृद्धि देखिएको छ।

मधेस प्रदेशमा सबै वित्तिय संस्थाको निक्षेप संख्या २०७६/७७ देखि २०७९/८० सम्ममा करिब ६८ प्रतिशतले बढेको छ। आ.व. २०७६/७७ मा ५,०३१ जनालाई सेवा दिदै आएकोमा बैंक तथा वित्तीय समावेशीतालाई थप विस्तार गरी २०७९/८० (फाल्गुन मसान्तसम्म) मा ३,५११ जनामा औसत प्रति बैंकले सेवा दिदै आएको छ।

मधेस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूमा निक्षेप संकलनमा आ.व. २०७६/७७ को तुलनामा २०७९/८० (फाल्गुन मसान्तसम्म) को वृद्धि ३८.१ प्रतिशत देखिन्छ। साथै,मधेस प्रदेशमा कर्जा प्रवाहमा आ.व. २०७६/७७ को तुलनामा २०७९/८० मा ५९ प्रतिशत वृद्धि देखिन्छ ।

मधेस प्रदेशका लघुवित्त संस्थाहरूबाट आ.व. २०७८/७९ मा कुल लगानीको करिब ४८ प्रतिशत कृषि क्षेत्रमा लगानी भएको छ भने, साना तथा घरेलु उद्योगमा १२ प्रतिशत देखिन्छ । त्यस्तै, सोही अवधिमा सेवा क्षेत्रमा लघुवित्त संस्थाहरूबाट ३९ प्रतिशत लगानी देखिन्छ भने अन्य क्षेत्रमा १ प्रतिशत लगानी गरेको देखिन्छ ।

मधेस प्रदेशले नेपालको कुल क्षेत्रफलमध्ये ६.६ प्रतिशत (९,६६१ वर्ग कि.मि.) ओगटेको छ ।आ.व. २०७६/७७ मा नेपालको कुल खेतीयोग्य जमिनको १७.७५ प्रतिशत र खेती गरिएको जमिनको १९.०२ प्रतिशत मधेश प्रदेशमा रहेको छ । यो प्रदेशमा नेपालकै सबैभन्दा बढी सिंचित जमिन (२८.६८%) रहेको देखिन्छ । देशको कुल क्षेत्रफलको तुलनामा यो प्रदेशमा खेती नभएको जमिन १२.२६ प्रतिशत छ।

समग्र नेपालको गरिबीको सूचकांक हेर्ने हो भने नेपालका १७.४ प्रतिशत (४९,८०,००० जना) व्यक्ति गरिबीको रेखामुनि रहेका छन् । नेपालमा सबैभन्दा बढी गरिबहरू (झन्डै १२.९६ लाख) मधेश प्रदेशमा बसोबास छन् । जनसंख्याको प्रतिशतका हिसाबले मधेश प्रदेशको २४.२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि छन् । गरिबीको तीव्रता (अर्थात गरिबीको रेखाबाट कति टाढा छ भनेर हेर्ने मापन) सबैभन्दा बढी मधेश प्रदेशमै (४३.३%) छ । बहुआयामिक गरिबीको सूचकांकका सबै पक्षहरूमा मधेश प्रदेश समग्र राष्ट्रिय अवस्था भन्दा चिन्ताजनक नै रहेको छ।

नेपालका सबैभन्दा धेरै श्रम स्वीकृति लिने १० जिल्लामध्ये सन् २०१९/२० मा मधेश प्रदेशका ६ जिल्ला, सन् २०२०/२१ मा ५ जिल्ला, र सन् २०२१/२२ मा ६ जिल्ला छन् । पछिल्लो तीन वर्षको अवधिमा धनुषा जिल्लाबाट सबैभन्दा बढी श्रम स्वीकृति लिइएको छ ।

मधेश प्रदेशमा १९ लाख ८७ हजार श्रमिकमध्ये लगभग ५०% अशिक्षित छन् । मधेश प्रदेशको बेरोजगारी दर झन्डै २०.१% छ । यो सबै उमेर समूहमा लागू हुन्छ । सात प्रदेशमध्ये मधेशमा १५-२४ वर्ष उमेर समूहमा ३३.१% बेरोजगार छन् । त्यस्तै, २५-३९ वर्षमा १८.९% बेरोजगार छन्, ४०-५९ वर्षमा १४.९% बेरोजगार छन् र ६० वर्षभन्दा माथिका ११.२% बेरोजगार छन् ।

विद्युत वितरणका आधारमा हालै मधेश प्रदेशका सबै परिवारमा राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत उपलब्ध छ, जुन प्रदेशहरूमध्ये सबभन्दा बढी हो । पेट्रोलियम पदार्थको भण्डारण क्षमताको हिसाबले प्रदेशगत रूपमा मधेश प्रदेशमा नै सबभन्दा बढी भण्डारण (३५.४१ प्रतिशत) भएको देखिन्छ ।

जनकपुर, सिमरा, र राजविराज विमानस्थलमध्ये उडान संख्या सिमरा विमानस्थलमा सबभन्दा बढी र राजविराज विमानस्थल सबभन्दा कम रहेको देखिन्छ । सन् २०१५ देखि २०१९ सम्मको तथ्यांक हेर्दा सिमरामा सन् २०१८ मा सबभन्दा बढी उडान (९,५००) भरी १,०७,१५४ जना यात्रुलाई सेवा दिएको र १,३१,४०३ किलोग्राम कार्गो ढुवानी गरेको देखिन्छ ।

मधेश प्रदेशमा शौचालयको सुविधा नभएको घरपरिवारको संख्या पनि सर्वाधिक (१,३९,२१० घरपरिवार) छ।

मधेश प्रदेशमा ७,२७९ वटा उत्पादन प्रतिष्ठान रहेका छन्। यी प्रतिष्ठानमा ८० हजार ७७३ जना व्यक्तिहरू संलग्न छन्, र प्रतिष्ठानमा ६८ हजार ४८८ जना कर्मचारी छन्। मधेश प्रदेशमा रहेका उत्पादन प्रतिष्ठानहरू (७,२७९) मध्ये मात्र ६% सामाजिक सुरक्षामा आबद्ध छन्।

देशको कुल जनसंख्यामध्ये मधेश प्रदेशको जनसंख्या करिब २१ प्रतिशत रहेको छ । मधेश प्रदेशको जनघनत्व सातवटै प्रदेशभन्दा धेरै (६३३ प्रति वर्ग कि.मि.) छ । देशको कुल घरधुरी ६६ लाख ६६ हजार ९३७ मध्ये मधेश प्रदेश प्रदेशमा ११ लाख ५६ हजार ७१५ वटा रहेका छन् । प्रदेशको कुल ६१ लाख १४ हजार ६०० जनसंख्यामध्ये ३० लाख ६५ हजार ७५१ पुरुष र ३० लाख ४८ हजार ८४९ महिला छन् । मधेश प्रदेशको औसत घरपरिवारको आकार ५.२९ रहेका छन् ।

मधेश प्रदेशमा कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान आर्थिक वर्ष २०७९/८० मा १०.३ प्रतिशत रहयो । सातवटै प्रदेशमध्ये मधेश प्रदेशको साक्षरता अवस्था सबैभन्दा न्यून छ । यहाँ ६३.५३ प्रतिशत (करिब६४%) जनसंख्या साक्षर छन् । महिलाको साक्षरता अवस्था पुरुषको तुलनामा निकै कम छ । साक्षरमध्ये ७२.४५ (करिब ७२%) प्रतिशत पुरुष र ५४.७० (करिब५५%) प्रतिशत मात्रै महिला छन् । मधेश प्रदेशमा सबैभन्दा बढी साक्षरता भएको जिल्ला पर्सा र सबैभन्दा कम साक्षरता भएको जिल्ला रौतहट(५७.७५%) रहेको छ ।

मधेश प्रदेशमा एसईई उत्तीर्ण विद्यार्थीको संख्या ७.६१ प्रतिशत छ । प्लस टु उत्तीर्ण विद्यार्थीको संख्या ९.७४ प्रतिशत, स्नातक उत्तीर्ण विद्यार्थीको संख्या ३.३१ प्रतिशत छन् । स्नातकोत्तर सो भन्दा माथि उत्तीर्ण विद्यार्थीको संख्या १.३९ प्रतिशत रहेको छ ।

केन्द्रीय तथ्यांक विभागको सन् २०२१ को प्रतिवेदन अनुसार मधेश प्रदेशमा १५ देखि ४९ वर्ष उमेर समूहका महिलामध्ये २ हजार ३६१ जना महिलाको मृत्यु भएको देखिन्छ । मृतकमध्ये १४६ जना गर्भवती थिए । तथ्यांक अनुसार १ लाख जन्मेका बच्चामा १५१ जनाको मृत्यु भएको छ ।

प्रदेशगत रूपमा बालबालिकामा हल्का र मध्यम खालको रक्तअल्पता (एनिमिया) को दर मधेश प्रदेशमा सबभन्दाबढी छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा सातवटै प्रदेशमध्ये मधेश प्रदेशबाट सबैभन्दा धेरै उजुरी दर्ता हुने गरेको पाइएको छ । आर्थिक वर्ष २०७८/७९ मा २ हजार ८ सय ५८ वटा उजुरी परेको तथ्यांक छ । तीमध्ये ६९.५२ प्रतिशत उजुरी फछ्र्यौट भएको छ ।

बेरुजुको विषयमा विगत तीन आर्थिक वर्षयता प्रदेश स्तरमा कोशीपछि मधेश प्रदेशमा सबैभन्दा धेरै बेरुजु रकम ठहर भएको देखिएको छ । आर्थिक वर्ष २०७८/७९ मा मधेश प्रदेशमा ५३ करोड ३४ लाख ७४ हजार रुपैंया बेरुजु देखिएको छ । मधेश प्रदेशका स्थानीय तहमा आर्थिक वर्ष २०७८/७९ मा २ अर्ब १३ करोड ७२ लाख १ हजार रुपैंया अनियमित भएको देखिएको छ ।

जेठ ३२, २०८०

संजय कुमार यादव,
अर्थमन्त्री,
मधेश प्रदेश

# ऋण नतिरेपछि रौतहटको श्रीराम सुगर मिल्स लिलामी प्रक्रियामा



**मधेशदृष्टि**
**रौतहट ।**
ऋण रकम नतिरेपछि रौतहटको गरुडामा रहेको श्रीराम सुगर मिल्स लिमिटेड लिलामी प्रकृयामा जाने भएको छ । व्यावसायिक घराना गोल्छा परिवारको स्वामित्वमा रहेको उक्त मिल्सले ऋण नतिरेपछि मुख्य लगानीकर्ता नेपाल बैंकले उद्योग लिलामी प्रकृया अघि बढाएको हो ।
श्रीराम सुगर मिल्समा नेपाल बैंकको अगुवाईमा राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी सञ्चय कोष, हिमालयन बैंक र नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले १७ करोड रुपैया ऋण लगानी गरेका थिए । अहिले ब्याज समेत जोड्दा २६ करोड रुपैया पुगेको छ । ऋण रकम असुलका लागि बैंकले पटक पटक ताकेदा गर्दा समेत सञ्चालकले कुनै चासो नदेखाउँदा बाध्य भएर लिलामी प्रकृयामा गएको नेपाल बैंक लिमिटेडको ऋण महाशाखाले जनाएको छ ।
बैंकहरुले उद्योगमा रहेको मेशिनरी उपकरणहरु बोलकबोलबाट बिक्री गर्ने भएको छ । लिलाम गर्न लागेको मिल मेशिनरीको न्यूनतम मूल्य ३८ करोड ११ हजार ७ सय ५५ रुपैया तोकेको छ । बोलकबोलदाताले सो भन्दा बढी रकम कबोल गर्नुपर्ने छ ।
रौतहटको गरुडा नगरपालिका ६ महम्मदपुरमा रहेको ८० बिगाह क्षेत्रफलमा ओगेटेको उक्त मिल्सको मेशिनरी तथा उपकरण बेचेर कर्जा असुली हुने देखिएकाले लिलामी प्रक्रिया अघि बढाएको नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) कृष्णबहादुर अधिकारीले बताए । उद्योगले बैंकहरुलाई २६ करोड रुपैया ऋण तिर्न बाँकी रहेको उनले जानकारी दिए । बैंकले बोलकबोल पेश गर्ने अन्तिम दिन साउन ४ गतेलाई तोकेको छ । २०४९ साल साउन १३ गते गोल्छा अर्गनाईजेसनले स्थापना गरेको श्रीराम सुगर मिल्स २०७७ साउन १२ गते गते पुर्ण रुपमा बन्द भएको थियो । लगातार नोक्सानमा गएपछि गोल्छा समूहले सञ्चालन अवस्थामै रहेको मिललाई बन्द गराएको थियो । उद्योग बन्द हुँदा २ अर्ब १७ करोड ७५ लाख रुपैया सञ्चित नोक्सान थियो ।
चालुपूजिँ जुटाउन उद्योगले १ बराबर ३ अनुपातमा ८९ करोड रुपैया बराबरको हकप्रद शेयर निष्काशन गर्न नेपाल घितोपत्र बोर्डमा आवेदन समेत दिएको थियो हकप्रद शेयर निष्काशन गर्न नपाएपछि उन्त्यमा गोल्छा समूहले उद्योग बन्दको निर्णय गरेको थियो ।
श्रीराम सुगर मिल्सले सर्वसाधारणलाई शेयर निष्काशन गरेको थियो भने उक्त मिल नेप्सेमा समेत सूचिकृत उद्योग रहेको छ । नेप्सेमा सूचिकृत कम्पनी भएपनि श्रीरामले हालसम्म कुनै पनि त्रैमासिक विवरण सार्वजनिक गरेको थिएन् । उद्योगको ३० लाख ४५ हजार ९९० कित्ता शेयर नेप्सेमा सूचिकृत छ । कम्पनीको चुक्ता पुँजी ३० करोड ४५ लाख ९९ हजार रुपैया छ । मिल्स बन्द भएपछि सर्वसाधारणको लगानी जोखिममा परेको छ ।
मिल्समा सर्वसाधारणको ९ र बाँकी ९१ प्रतिशत संस्थापक लगानीकर्ता गोल्छा परिवारको शेयर रहेको छ । कुल ३० लाख ४५ हजार ९९० कित्ता शेयर रहेकोमा सर्वसाधारणको २ लाख ७४ हजार १३९ कित्ता रहेको छ । गोल्छा परिवारको स्वामित्वमा रहेको भृकुटी कागज कारखाना पनि बन्द छ ।

# प्रभु साहले गरे ५० करोड बढीको योजना अनुगमन



एसियाली विकास बैंकको झन्डै ३४ करोडको लागतमा निर्माण भइरहेको ढल तथा नालाको समेत टोलिले अनुगमन निरीक्षण गरेको थियो। कटहरिया वडा ४ र ५ गरी झन्डै १६ किलोमिटर लामो ढल तथा नाला निर्माणको काम भइरहेको छ । निर्माणको काम अन्तिम चरणमा रहेको तथा यसै आर्थिक वर्षभित्र पुरा गर्ने लक्ष्य रहेको ठेकदार कम्पनी आश्रय निर्माण सेवाका प्रोजेक्ट मेनेजर गुप्ताले जानकारी दिएका छन् ।

**सञ्जय मिश्रा**
**रौतहट ।**
पूर्व मन्त्री तथा आमजनता पार्टीका अध्यक्ष प्रभू साहले गृह जिल्ला रौतहट क्षेत्र ३ स्थित ५० करोड भन्दा बढीको विभिन्न योजनाको अनुगमन गरेका छन् ।
क्षेत्र ३का संघिय सांसद समेत रहेका नेता साह सहितको टोलिले बिहीबार कटहरिया नगर क्षेत्र अन्तर्गत विभिन्न योजनाहरुको अनुगमन गरेका हुन् । कटहरिया नगरपालिकाको पोखरीया, डूमारिया, हथियाही र कटहरिया गाँउमा सहरी विकास मन्त्रालय लगायतका निकाय बाट भैरहेको सडक ढलान , कालोपत्रे, ढल तथा नाला लगायत निर्माणाधीन योजनाहरुको स्थलगत अनुगमन निरीक्षण मापदण्ड अनुसार स्तरीय र समयमा निर्माण पूरा गराउन निर्देशन दिएका छन् ।
ओली नेतृत्वको सरकारमा प्रभू साह सहरी विकास मन्त्री हुँदा स्वीकृत भएको तिनवटा योजना मध्ये दुईवटा योजनाको काम अन्तिम चरणमा रहेको तथा एउटाको काम जारीरहेको छ ।
कटहरिया नगरपालीका अन्तर्गत नाला, सडक ढलान, कालोपत्रे, गरी तिन प्याकेजमा झन्दै ५० करोडको योजनाको निर्माण कार्य भैरहेको अनुगमन टोलीमा सहभागी सहरी विकास तथा भवन डिवीजन कार्यालय बिरगंजका प्रमूख बिनोद कुमार सिंहले बताएका छन् ।
बीस बीस करोडको दुई योजनाको काम अन्तिम चरणमा रहेको तथा यसै आर्थक वर्षमा सम्पन्न हुने र १० करोडको अर्को एउटा योजनाको काम कारिरहेको तथा आगामी आर्थीक वर्षमा सम्पन्न हुने डिवीजन प्रमुख सिंहले जानकारी दिएका छन् ।
निरीक्षणको क्रममा योजनाको ठेकदार कम्पनी आश्रय निर्माण सेवाका प्रोजेक्ट मेनेजर अजय कुमार गुप्ताले यस आर्थीक वर्षमा गुजरा र फतुवा बिजयपुर नगरपालिकाले लालबकैया नदीको टेण्डर न गर्दा गिट्टि बालुवा संकलनमा कठिनाई भैरहेको समस्या बताएका थिए । त्यसैगरी एसियाली विकास बैंकको झन्डै ३४ करोडको लागतमा निर्माण भइरहेको ढल तथा नालाको समेत टोलिले अनुगमन निरीक्षण गरेको थियो। कटहरिया वडा ४ र ५ गरी झन्डै १६ किलोमिटर लामो ढल तथा नाला निर्माणको काम भइरहेको छ । निर्माणको काम अन्तिम चरणमा रहेको तथा यसै आर्थिक वर्षभित्र पुरा गर्ने लक्ष्य रहेको ठेकदार कम्पनी आश्रय निर्माण सेवाका प्रोजेक्ट मेनेजर गुप्ताले जानकारी दिएका छन् ।
अनुगमन टोलिमा नेता प्रभू साहका साथै आजपाका नेता एवम पुर्व मेयर सियाराम कुशवाहा, जिल्ला अध्यक्ष त्रिभुवन साह , मेयर प्रत्यासी विजय यादव,शहरी डिभिजन कार्यालय पर्शाका डिभिजन प्रमुख, बिनोद कुमार सिंह, रौतहट जिल्लाका सहायक सिडिओ मणि भूषण साह, लगायत सहरी विकास तथा प्रोजेक्टका ईन्जिनियर र जनप्रतिनिधि, स्थानिय अगुवा, पत्रकार लगायतको सहभागिता रहेको थियो ।

# आइटी आर्मीले प्रसौनीमा बुझायो ज्ञापनपत्र



**मधेशदृष्टि**
**बारा ।**
बारा जिल्लाको प्रसौनी नगरपालिकामा भ्रष्टाचार र अनियमितता बढेको भन्दै आईटी आर्मीले ज्ञापन पत्र बुझाएको छ । आम जनता पार्टी निकट संगठन रिड मानिने आईटी आर्मीका टोलीले बिहीबार प्रसौनी गाउपालिकामा पालिका प्रमुख विनोध प्रसाद समक्ष ज्ञापन पत्र बुझाएको हो ।
नगरपालिका तथा गाउँपालिका स्थानीय सरकार भएको हुँदा नगरवासीले सरकारको महसुस गर्ने किसिमको कार्य नभएको र पालिकामा भ्रष्टाचार र अनियमितता व्याप्त रहेको हुँदा त्यसतर्फ आफ्नो गम्भीर ध्यानाकर्षण भएको आईटी आर्मी नगर समितिले बताएको छ । गाउँ पालिका प्रमूख विनोध प्रसाद समक्ष विभिन्न तीनबुँदे माग सहित ज्ञापन पत्र पेश गरेको र आईटी आर्मीले राखेको मागहरु सम्बोधन नभए बेवास्ता गरिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएको आजपा जिल्ला अध्यक्ष उमेश कुशवहाले बताए ।
ज्ञापनपत्रमा उल्लेख अनुसार देशमा आर्थिक मन्दीका कारण आम जनताको जनजिवन कष्टकर बन्दै गएको र आर्थिक संकटबाट सबै भन्दा बढी हाम्रो नगरपालिका प्रभावित भएकोछ । यस नगरपालिकामा आर्थिक उत्पादनको श्रोत साधन सिमित रहेको, परम्परागत खेती प्रणालीमा आश्रित कृषि रहेको, व्यापार व्यवसाय सुक्दै गएको, बेरोजगार गुणात्मक ढंगले बढिरहेको तथा मजदूरहरु बाधयभएर कष्टकर बैदेशिक रोजगारबाट जिवनयापन गर्नुपरेको अवस्था छ । यस्तो संकटपूर्ण अवस्थामा जनता माथी अनावश्यक करको भार थुपार्ने र जनताको खुन पसिनाबाट निर्माण भएको सरकारी बजेटलाई केही मुठ्ठीभर निर्वाचित जनप्रतिनिधिहरु आफु खुशी भागवण्डा गरि चाटने कार्यले नगरको बिकास सम्भव छैन । जनताको पिरमार्कामा राज्यको विभिन्न निकाय र तहहरुद्वारा सहयोग गर्नुको सट्टा आज कर आतंक खडा गरिएकोछ । जनताको आमदानीमा कर लिने तर उत्पादन नोक्सान हुदा वा घाटामा पर्दा हेर्न समेत नआउने उल्टै समयमा कर नतिर्दा सजायको भागीदार बनाउने जस्ता जनबिरोधी कार्य खुलेआम भईरहेकोछ ।
यो नगरपालिकाले समेत जन्मिदा देखि मर्दा सम्म अर्थात जन्मदर्ता देखि मृत्युदर्तासम्म समेत कर लगाउने, कर संकलन तथा सदुपयोग नगर्ने, आन्तरिक राजस्वलाई समेत पारदर्शी नबनाउने जस्ता कार्य गरिरहेको ज्ञापनपत्रमा उल्लेख छ । आर्मीले ज्ञापनमा गलत कार्यहरु पुनः हुन न दिन र जनताका अधारभूत समस्या समयमा समाधान गर्न तथा यस नगरपालिका प्रति आमजनताको विश्वसनियता अभिवृद्धि गर्न नगरपालिकाले शून्य कर नीति लागू गरोस अर्थात् जनताबाट उठाउने प्रत्येक कर माफ गर्न माग गर्नुका साथै नरपालिकामा बसोवास गर्ने सम्पूर्ण जनताको बिजुली र पानी महशुल निशुल्क हुनुपर्ने,नगरपालिकामा भइरहेको सम्पूर्ण भागवण्डा बन्द गर्नुपर्ने लगायतको माग उठान गरेको छ ।
साथै मागहरु प्रति वेवास्ता गरिए चरणवद्ध आन्दोलनमा जान बाध्य हुने ज्ञापनपत्र चेतावनी समेत दिइएको छ ।

# जिल्ला प्रशासन कार्यालयमा आँखा शिविर



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्सामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । किरण आँखा अस्पतालमा आयोजनामा आँखा शिविरमा ५५ जनाले आँखा परीक्षण गराएका छन् ।
विश्व ज्येष्ठ नागरिक दुर्व्यवहार जागरुकता दिवसका अवसरमा शिविरको आयोजना गरिएको हो । शिविरमा वीरगंजस्थित किरण आँखा अस्पताल प्रा.ली.का दृष्टि विषेशज्ञ ज्योती साह नेतृत्वको नेत्र चिकित्सकको टोलीले परीक्षण गरेको थियो । पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले आँखा परिक्षण गराई शिविरको शुभारम्भ गरेका थिए ।
शिविरमा ५५ जनाले आँखा परिक्षण गराएको किरण आँखा अस्पतालका प्राबिधिक सहयोगी कबिता पोखरेलले बताईन् ।
शिविरमा सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल, शिवप्रसाद लम्साह, प्रहरी उपरीक्षक कोमल शाह, प्रशासकिय अधिकृत बिनय श्रीवास्तव, रेखा कुमारी, बालगोध ठाकुर, जिल्ला प्रशासन कार्यालयका सशस्त्र प्रहरी नायव निरीक्षक कमलेश पुरी, तुलसी भण्डारी, शिवशंकर साह लगायतले आँखा परीक्षण गराएका थिए ।
आँखा अस्पतालका बिशेषज्ञ प्रभात पासवास, सोनी चौधरी, रामबाबु चौरसिया र राजकुमार भण्डारीको सहभागीता रहेको र आँखा परीक्षणसँगै औषधीसमेत वितरण गरिएको र समस्या देखिएकाहरुलाई विशेष छुटका साथ किरण आँखा अस्पतालमा चेकजाँच गरिने अस्पतालका प्राबिधिक सहयोगी पोखरेलले बताए ।

# निःशुल्क आँखा शिविर सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको आर्दशनगर स्थित ग्रिनसिटि सामुदायिक केन्द्रमा निशुल्क आँखा शिविर सम्पन्न भएको छ । विश्व जेष्ठ नागरिक दुर्व्यहार जागरुकता दिवसको अवसरमा ग्रिन सिटी सामुदायिक केन्द्र तथा सामुदायिक आँखा हस्पिटल बिरगंजको सयुक्त आयोजनामा जेष्ठ नागरिक र स्थानियहरुको विहिबार विहान निशुल्क आँखा परिक्षण गरिएको थियो । निशुल्क आँखा शिविरमा ७५ जना महिला र १५० जना पुरुष गरि २ सय २५ जना जेष्ठ नागरिक र स्थानियहरुको आँखा परिक्षण गरिएको थियो । सो अवसरमा नेत्र रोगीहरुलाई निःशुल्क रुपमा आँखाको औषधि समेत वितरण गरिएको सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए । आँखा शिविरमा अस्थायी प्रहरी पोष्ट आदर्शनगरका इन्चार्ज सत्य प्रकाश त्रिपाठी , सामुदायिक आँखा अस्पतालका प्रमुख महेश सिह धामि, वीरगंज महानगरपालिका सरसफाई प्रमुख सरफुदिन मिया , केन्द्रका सचिव मुरली जलान लगायतको सहभागिता रहेका थियो ।

# रौतहटमा व्यवसायीद्वारा भारतीय मुद्राको कारोबार बन्द

**मधेशदृष्टि**
**रौतहट ।**
सीमावर्ती क्षेत्रमा भारतीय रुपैया सस्तो भएपछि यँहाका उद्योगी व्यवसायीहरुले भारु मुद्राको कारोबार बन्द गरेका छन् । यँहाका गैरसरकारी संघसंस्थाहरुले पनि भारतीय मुद्राको कारोबार ठप्प पारेका छन् ।
केही महिनायता रौतहटमा भारुको अवमुल्यन हुँदा नेपाली रुपैया आश्चर्यजनक रुपमा बलियो बनेपछि यँहाका उद्योग, व्यवसायिक प्रतिष्ठान, स साना पसल देखि लिएर गैरसरकारी संघसंस्था र वित्तिय संस्थाहरुले भारतीय मुद्राको कारोबार बन्द गरेका हुन् ।
भारुको सरकारी तथा अधिकारिक विनिमय दरभन्दा कम विनिमय मूल्य पाउन थालेपछि अहिले नेपाली व्यवसायीहरु भारु मुद्रा लिन छाडेको व्यवसायीहरु बताउँछन् । अहिले रौतहटमा १ सय रुपैया भारुको मूल्य १ सय ५२ नेपाली रुपैया भन्दा तल झरेको छ ।
समान्य अवस्थामा १ सय भारुको नेपाली मूल्य १ सय ६० रुपैया भएपनि अवैध चोरी तस्करी, सुन तथा लागुऔषध लगायतका समानहरु भारत जाँदा भारु रुपैयामै कारोबार हुँदा सीमावर्ती क्षेत्रमा अघोषित रुपमै व्यापक भारतीय मुद्राको कारोबार हुन थालेको छ । कहिले भारु हात पर्दा खुशी हुने नेपाली नागरिक अहिले भारु हात पर्दा नाक खुम्चाउने गरेका छन् ।
सुरक्षाकर्मीले सीमावर्ती क्षेत्रमा कडाईका साथ निगरानी नबढाउँदा अहिले नेपाली बजारमा भारु छ्याप्छ्याप्ती भएको पाईएको छ । भारतीय रुपैयाको नेपाली बजारमा कुनै मूल्य नहुँदा व्यवसायीहरुले लिन छाडेको व्यवसायीहरु बताउँछन् । भारतीय मुद्रामा समान बेचेर के गर्ने गौरका युवा व्यवसायी अमित केशरीले भने आफुले पनि अर्को पटक समान मगाउँदा व्यापारीले भारु रुपैया लिन मान्दैनन् , त्यसैले भारु मुद्राबाट समान बेच्ने कार्य बन्द गरेको छु । नेपालमा उत्पादित समान


नेपाल नेत्र ज्योति संघ
गौर आँखा अस्पताल
परेवा
मिति: २०८०/०२/३१
सूचना ! सूचना !! सूचना !!!
यस गौर आँखा अस्पतालमा मिति २०८०/०३/०१ गते (16th June, 2023) शुक्रबार देखि अस्पतालको सेवा शुल्कहरुकोलागि भारतीय मुद्रा रु. ५०० र रु. २०० का नोट अस्पतालमा नाम दर्ता, बिलिङ्ग, चश्मा काउन्टर र फार्मेसीमा लिने छैन ।
असुविधाको लागि क्षमा प्रार्थी छौं ।
अस्पताल प्रशासन

खरिद गर्दा बैंक अथवा नगद मार्फत बुभाउनु पर्ने भएकोले साहुहरु भारतीय रुपैया लिन मान्दैनन् त्यही भएर भारु मुद्राको कारोबार बन्द गरेको केशरी बताउँछन् ।
जम्मा गरेको भारु रुपैया पनि बट्टामा सटही हुन छाडेको छ । नेपाली र भारतीय मुद्राबीचको कारोबारलाई स्थानिय भाषामा बट्टा दर भनिन्छ । जिल्लाका व्यवसायीहरुले भारु मुद्राको कारोबार बन्द गरेपछि यँहाको व्यवसाय पनि चौपट बन्दै गएको छ । यस्तै नेपाली क्षेत्रमा खुलेका आँखा अस्पतालहरुले समेत भारु मुद्रा लिन छाडेपछि भारतीय नागरिकहरु समस्यामा पर्न थालेका छन् ।
सदरमुकाम गौरमा रहेका आधा दर्जन आँखा अस्पतालहरुले भारु मुद्रा नलिने भन्दै सूचनानै गरेर सर्वसाधारणलाई जानकारी गराएपछि भारतीय बिरामीहरु समस्या भोग्नु परेको छ । गौर आँखा अस्पतालले बुधवार एक सूचना नै जारी गरेर भारु ५ सय र २ सय रुपैयाको नोट नलिने जनाएको छ ।
विभिन्न स्थानमा भारु मुद्रा नलिँदा अस्पताल परिसर भित्र तथा बाहिर रहेका व्यक्तिहरुले १ सय भारु रुपैयाको १ सय २५ रुपैया दिएर ठगि गर्दे आएपनि रोकथामका लागि सम्बन्धित निकायले कुनै चासो देखाउन सकेको छैन ।
यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी धमेन्द्र मिश्रले सीमा क्षेत्रमा भारतीय रुपैयाको कडाईका साथ चेकजाँच गर्न निर्देशन सुरक्षा अधिकारीहरुलाई दिईने बताए ।

**नियन्त्रण तर्फ सम्बन्धित निकाय मौन**

रौतहट । रौतहटको विभिन्न सीमावर्ती क्षेत्रबाट अवैध रुपमा भारतीय रुपैयाको कारोबार भएपनि नियन्त्रण तर्फ समबन्धित निकाय मौन देखिएको छ ।
सदरमुकाम गौर लगायत राजपुर, रामपुरखाप, लक्ष्मीपुर वेलविछ्वा, औरैया, बंकुल लगायत आधा दर्जन नाकाबाट समानहरुमा राखेर भारतीय रुपैयाको नेपाल तर्फ तस्करी भईरहेको छ ।
सीमामा रहेका नेपाल प्रहरी तथा शसस्त्र प्रहरीले प्रति पोकाको दरले २० देखि ५० रुपैया लिएर समानलाई चेकजाँच नै नगरी सजिलै नेपाल प्रवेश गर्न अनुमति दिने गरेकोले नेपाली बजारमा भारतीय रुपैया छ्याप्छ्याप्ती भएको श्रोतको दाबी रहेको छ ।

भविष्यको बारेमा त्यति धेरै पनि नसोच किनभने त्यो छिट्टै आउँछ।
- अल्बर्ट आइन्स्टाइन

## सम्पादकीय

# प्याजले परेसान, उठ्लान् किसान ?

बजारमा एकाएक प्याजको भाउ बढेको खबरले किसानको भान्सा प्याजरहित हुने अवस्था बनेको छ। उता अर्थमन्त्रीले कृषिमन्त्रीलाई उछिनेर भनेका छन्, 'किसानलाई उत्पादनका आधारमा अनुदान दिइनेछ। यो भन्नु सरासर किसानसँग बार्गेनिङ हो। किनभने किसानले उत्पादनका आधारमा अनुदान पाउने भन्नु सबैभन्दा लाजैमदी कुरा हो। जबकि, किसानले सालौंदेखि उत्पादन गरेको खाएर नै हामी बाँचिरहेका छौं, भाषण दिइरहेका छौं। यसो भन्न पाइरहेका छौं। यतिखेर सरकारले किसानलाई उत्पादनका आधारमा राहत र अनुदान दिने भनिरहनु नै पर्दैन। यो पहिला पनि दिइएकै विषय हो। किसानले समयमा मल पाए, बीउ पाए उत्पादन गर्ने हुन् र हाम्रो भोक मेट्ने अन्न उत्पादन गरेर निर्भर बनाउने हुन्। तर सरकारले कुनै नयाँ र वैज्ञानिक कुरा गरेजसरी यसो भनिरहँदा पनि हामी समाचार बनाइरहेका छौं। सरकारले ठूलै कुरा गरेको भनेर मानिरहेका छौं। यसो भन्नु भनेको यति चैं पक्का हो। परीक्षाका बेला बाबुले नपढ्ने छोरालाई भन्ने गर्छन्, 'बाबु राम्ररी पढ, प्रथम भयौं भने यसपालि साइकल किनिदिन्छु।' हो, यो भन्दा नयाँ कुरा अर्थमन्त्रीबाट कुनै नयाँ भनिएको होइन। किसानलाई यसरी धम्काउनु राम्रो पनि होइन। व्यापारीलाई कर छुट, भन्सार सुविधा, अनेक रहर पूरा गरिदिने सरकारले किसानलाई समयमा मल र बिउ दिए भनिरहन्छ पर्दैन कि किसानले उत्पादन गर्दैनन्। उनीहरुको काम नै त्यही हो। जसरी अर्थमन्त्रीको काम कृषिमन्त्रीले भन्ने कुरा भन्नु होइन।

उसो त मन्त्रीको भनाइ छ, 'सरकारले विगतमा कृषि क्षेत्रमा दिने अनुदान वास्तविक किसानले पाएका थिएनन। उत्पादन हेरेर अनुदान दिने व्यवस्था बजेटमा गरिएको छ। सरकारले तरकारीमा कर स्थानीय उत्पादन वृद्धि र संरक्षण गर्नका लागि लगाएको हो।' आयातित आलु, प्याज रोक्ने र स्थानीय उत्पादनको प्रोत्साहन र सरंक्षण गर्ने मुख्य उद्देश्यले सरकारले तरकारीमा कर लगाएको हो। बजेट आएपछि स्वार्थ समूह सरकारविरुद्ध गलत प्रचारमा लागेको छ। नेपाल आत्मनिर्भरतातर्फ उन्मुख गराउन खोज्दा तरकारीमा स्वार्थ घोल्नेहरुले यस्तो बोलिरहेका छन। अर्थमन्त्रीले भनेका छन्, 'धेरैलाई उपभोक्ता मूल्य बढ्ने भयो उपभोक्तालाई मर्का पर्ने भयो भन्ने प्रभावमा पारे।' सरकारले उपाय स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न खोज्दा गलत प्रचार भयो। यो प्रचारलाई खण्डन गर्न अर्थमन्त्रीले किसानकै सहार मागेका छन। हेरौं उनको भनाइ कति सार्थक हुन्छ रु नेपालजस्तो आयातमुखी बजारमा तरकारी आयातमा लागेको करले नेपाली उत्पादन बढ्छ कि तरकारी अरु मंगो भएर उपभोक्ताको ढाड सेकिन्छ ?

सरकारको दाबी छ। करको व्यवस्थाले मूलतः आयातित बस्तु मात्रै महँगो हुन्छ। स्थानीय उत्पादन सस्तो हुन्छ। तरकारीमा कर लगाउने सरकारको कदम मुलुकलाई आत्मनिर्भर उन्मुख गराउने उद्देश्य रहेको सरकार र यसा अर्थमन्त्रीको दाबी कति वैज्ञानिक छ, अब परीक्षण सुरु हुनेछ। आर्थिक विधेयकमा आलु, प्याजमा लगाएको करको मुख्य उद्देश्य स्थानीय उत्पादनलाई नै प्रोत्साहन र संरक्षण भन्ने मन्त्रीको दाबी सफल हुन सिकानले उत्पादन बढाउनु पर्छ। तत्काल उत्पादन बढ्न सकेन भने भारतले भोलि महँगो मूल्या नपाएको भनेर तरकारीसमेत दिएन भने सरकारले के गर्ला ?

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरुले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# मनसुनको प्रभाव र हाम्रो तयारी



• राजेश झा

नेपालमा मनसुन गत बुधबारदेखि प्रवेश गरेको छ।नेपालमा सरदर जुन १३ मा मनसुन भित्रिन्छ। तर यसपालि एकदिन ढिला गरी मनसुन प्रवेश गरेको हो। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसारमनसुन जेठ २५ गते भारतको केरला पुगेको थियो। त्यहाँबाट एक सातामा मनसुन नेपाल आइपुगेको हो। पूर्वबाटझापा हुँदै नेपाल प्रवेश गर्ने मनसुन नेपालभरी फैलिन केही दिन लाग्ने महाशाखाको भनाई छ। महाशाखाका अनुसार कोशी प्रदेश, मधेश प्रदेशको पूर्वी भूभाग, बागमती प्रदेशको अधिकांश भूभाग र गण्डकी प्रदेशका पूर्वी भूभागमा मनसुन आइपुगेको हो।नेपालमा मनसुन सरदर एक सय दिन क्रियाशील हुने गरेको छ।

यस बर्षको मनसुनबाट १२ लाख ५४ हजार भन्दा बढी नागरिक प्रभावित हुने नेपाल सरकारको अनुमान छ। बाढीबाट हरेक बर्ष प्रभावित हुँदै आएको मधेश प्रदेशका ९२ हजार २६१ घरधुरीका ४ लाख ३ हजार १८० नागरिक प्रभावित हुने राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन प्राधिकरणको तथ्यांक छ। मधेश प्रदेशमा यस बर्षको मनसुनमा औषत बर्षा मात्र हुने अनुमान रहेपनि प्रभावित हुने जनसंख्या भने सबै प्रदेश भन्दा बढी हुने आँकलन गरिएको छ। कोशी प्रदेशका ६८ हजार ९११ घरधुरीका ३ लाख १ हजार १४३ जना नागरिक प्रभावित हुने बताइन्छ।

नेपालमा बाढी, पहिरो र भारी वर्षा प्रमुख मनसुनजन्य विपद् हुन्। यसका साथै मनुसनको अवधिमा झाडापखाला, हैजा जस्ता पानीजन्य रोग, सर्पदंश, डेंगु, मलेरियाजस्ता किटजन्य प्रकोप बढ्ने गर्छन्। नेपालमा मनसुनजन्य विपद्ले नै धेरै नागरिकलाई प्रभावित गर्छ र सबैभन्दा धेरै आर्थिक क्षति पनि निम्त्याउँछ। बाढीबाट प्रत्येक बर्ष नै प्रभावित हुने जिल्लाहरूमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, झापा, मोरङ, सुनसरी, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुर रहेको राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन प्राधिकरणको तथ्यांक छ। पानीजन्य प्रकोपको हिसाबले नेपाल विश्वको तिसौं स्थानमा रहेको छ।



पछिल्लो बर्षको मनसुनमा ११९ जनाले ज्यान गुमाएका थिए भने ११५ जना घाइते भएको र ३२ जना त अझै बेपत्ता रहेका छन्। मनसुनको कारण आएको बाढी पहिरोले एक हजारभन्दा बढी घर पूर्ण रुपले क्षति भएको छ। मनसुनको कारण उत्पन्न हुने बाढी, पहिरोले मात्रै मानिसको ज्यान लिने गरेको छैन। बर्षायाम चट्याङ्गको कारण समेत मानिसले ज्यान गुमाउनु परेको अवस्था छ। पछिल्लो बर्षको मनसुनको समयावधिभित्र साठ्ठी जनाले ज्यान गुमाउनु पर्‍यो भने १५७ जना घाइते भएको राष्ट्रिय तथ्यांक छ।

मनसुनको समयावधिमा यति धेरै संख्यामा मानिसले ज्यान गुमाउने र धनमालको क्षति ब्यहोर्ने गरेपनि त्यसबाट जोगिन पूर्वतयारीमा खासै ध्यान दिएको देखिदैन।राष्ट्रिय स्तरदेखि स्थानीय तहसम्म विपद् जोखिम न्युनीकरणकालागि विभिन्न संरचनाको कानुनी ब्यवस्था गरिएपनि सक्रियता र क्रियाशिलता भनेखासै देखिदैन। त्यस्ता संरचनाहरु खासगरी स्थानीय तहमा विपद्को समयमा मात्र देखिने गरिएको छ। एकातिर जोखिम न्युनीकरणका लागि आवस्यक तयारी गर्न विभिन्न समिति, संरचनाहरुको ब्यवस्था गरिएको छ भने विभिन्न खाले ऐन, कानुन, नीति, निर्देशिका, कार्यविधिहरुको ब्यवस्था गरिएको छ। विपद् ब्यवस्थापन कुनै एउटा सरकारको मात्रै दायित्व नभएको भन्दै यसको समुचित ब्यवस्थापनको लागि तीन वटै तहलाई संविधानले नै जिम्मेवार बनाएको छ र, विपद् ब्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचिमा राखेको छ। विपद्लाई सम्बोधन गर्न विभिन्न रणनीति, निर्देशिका तथा कार्यविधिहरु समेत बनेको र केन्द्र स्तरमा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण समेत गठन भई क्रियाशिल समेत रहेको अवस्था छ।



विपद् जोखिम न्युनीकरणलाई ध्यानमा राखी प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन परिषद्को ब्यवस्था गरिएको छ भने गृहमन्त्रीको अधक्ष्यतामा कार्यकारी समिति रहने कानुनी ब्यवस्था छ। यसैगरी प्रदेश स्तरमा भने मूख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति रहने ब्यवस्था। जिल्लास्तरमा भने प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् ब्यवस्थापन समिति र नगर तथा गाउँपालिकामा नगर प्रमुख तथा गाउँपालिका अध्यक्षको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्ने प्रावधान रहेको छ। सोही प्रावधान अनुरुप स्थानीय तहहरुले समिति गठन गरी कार्य गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ मा समेत उल्लेख छ। वडा तहमा वडा अध्यक्षको अध्यक्षतामा समिति गठन गरी विपद्बाट हुन सक्ने सम्भावित जोखिमलाई कम गर्ने उपायहरु अबलम्बन गर्नुपर्ने कानुनी ब्यवस्था छ।

ऐनमा भएको व्यवस्था बमोजिम स्थानीय तहहरुले समितिहरु गठन गरेपनि अधिकांश समितिहरु कागजमा मात्र सिमित रहेको देखिन्छ। कुनै कुनै स्थानीय तहले विपद् जोखिम न्युनीकरणको क्षेत्रमा उदाहरणीय काम नगरेको भने होइन तर अधिकांश स्थानीय तहले जोखिम न्युनीकरण र यसका लागि गर्नुपर्ने पूर्वतयारीप्रति खासै चासो राखेको देखिदैन। विपद् व्यवस्थापनको क्षेत्रमा स्थानीय तहहरुले बजेट विनियोजन गर्नमा पनि कन्जुस्याँई गर्ने गरेको देखिन्छ। स्थानीय तहको बजेट विनियोजनको लागि आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी पाँच वटा बिषयगत क्षेत्र छुट्याएको छ। ती बिषयगत क्षेत्रमध्ये वन वातावरण तथा विपद् व्यवस्थापन सबैभन्दा कम प्राथमिकतामा पर्ने क्षेत्रको रुपमा देखिने गरिएको छ। पूर्वाधार, सामाजिक विकास जस्ता क्लष्टरहरुमा अत्यधिक बजेट विनियोजन गर्ने गरिएपनि वन वातावरण तथा विपद् व्यवस्थापन क्लष्टरमा भने स्थानीय तहहरुले न्युन बजेट राख्ने गरेको पाइन्छ।

वन वातावरण तथा विपद् ब्यवस्थापनमा बजेट राखिएपनि त्यसबाट पूर्वतयारीमा खर्च नगन्य मात्रामा हुने गरेको छ। विपद्को अवस्थामा राहत तथा उद्धारमा मात्र अधिकांश पालिकाहरु केन्द्रीत रहने गरेको देखिन्छ।कुनै पनि विपद् आउनुभन्दा अगाडि गर्नुपर्ने पूर्वतयारीको चरणलाई स्थानीय तह तथा जिल्ला विपद् व्यवस्थापन समितिहरुले ध्यान दिने गरेको पाइदैन। पूर्वतयारीको चरण विपद्को जोखिमलाई कम गर्ने सबैभन्दा महत्वपूर्ण चरण हो। यसअन्तर्गत पर्ने रोकथाम, अल्पिकरण, अनुकूलन जस्ता महत्वपूर्ण पाटोलाई ध्यान दिइदैन। विपद्को समयमा हुने/गरिने उद्धार, राहत वितरण र पुनर्स्थापनालाई मात्रै स्थानीयहरुले ध्यान दिने गरिएको पाइन्छ।

विपद् ब्यवस्थापनप्रति स्थानीय तहहरु भने उदासिन छन्। बर्सेनी खोलानालाले गर्दा डुबान, कटान तथा बालुवा थुपार्ने काम गर्दै आएको छ। बर्षाका कारण खोलाको बाँधमा लाग्ने गरेको रेनकटलाई समयमै मर्मत सम्भार नगर्दा त्यस्ता ठाउँहरुमा बाँध कमजोर भई फुट्ने खतरा बढी हुन्छ। त्यस्ता ठाउँहरुको समयमै मर्मत सम्भार गर्नु अति आवश्यक हुन्छ। रोकथाम तथा स साना अल्पीकरणका योजनाहरु समयमै सञ्चालन गर्न सके अत्यधिक जोखिमलाई कम गर्न सकिन्छ। बाढीको समयमा आवश्यक पर्ने सामग्रीहरुको पूर्व भण्डार गर्नु, पूर्व तयारीकालागि आवश्यक कामहरु गर्नु, खोज तथा उद्धार, प्राथमिक उपचार, राहत भण्डार जस्ता काममा स्थानीय तहहरु उदासिन रहेको देखिन्छ। विपद्को बेला राहत तथा उद्धारमा मात्र सक्रियताले नपुग्ने कुरा स्थानीय तहहरुले समयमै बुझ्नु जरुरी छ।

बाढीबाट समुदायलाई जोगाउन भरपर्दो साधनको रुपमा पूर्व सूचना प्रणाली प्रभावकारी साबित हुँदै आएको छ। बाढी आउँदैछ है भनी केही घण्टा अगाडि मात्रै जानकारी पाए जोखिममा रहेका समुदाय सुरक्षित स्थलमा जान सक्छन् जसले गर्दा जनधनको क्षति हुनबाट जोगिन सक्छ र, यसका लागि पूर्व सूचना प्रणाली महत्वपूर्ण हुन्छ।समुदायलाई बाढी आउनु केही घण्टा अगावै सूचना दिन त्यस्ता प्रणालीको महत्वपूर्ण भूमिका रहेको छ। अहिले मुलुकको धेरै वटा नदीहरुमा बाढी पूर्व सूचना प्रणाली जडान गरिएको छ। सप्तरीको खाँडो खोलामा पनि युनिसेफ, इसिमोड तथा सबल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा तिलाठी कोइलाडी गाउँपालिकाले समुदायमा आधारित बाढी पूर्व सूचना प्रणाली जडान गरेको छ। जसले गर्दा तल्लो तहमा रहेको समुदायलाई दुईघण्टा अगावै बाढी आइरहेको सूचना प्राप्त हुने गर्दछ र सम्भावित जोखिमबाट तल्लो तहका(डाउनस्ट्रीम) बासिन्दाहरुलाई जोगाउन मद्त पुग्ने गरेको छ। यो प्रणालीले नेपालको तिलाठी कोइलाडी, रुपनी गाउँपालिका र राजविराज नगरपालिकाका वडाहरुलाई मात्र फाइदा नभई भारत विहारको कुनौली, कमलपुर जस्ता दर्जन बढी गाउँहरुलाई समेत बाढीको बारेमा समयमै सूचना प्रवाह भइरहेको छ।

यतिबेला आगामी आर्थिक बर्षको योजना बनाउन स्थानीय तहहरु ब्यस्त रहेको अवस्था छ।पालिकाहरुले आगामी बर्षको योजना बनाइरहँदा मनसुन हाम्रो घरआँगनमै आइपुगेको छ।आगामी बर्षको योजनामा मनसुनले निम्त्याउने जोखिमहरुको क्षेत्र पत्ता लगाई त्यसका असरहरुलाई कम गर्ने उपायहरुलाई योजनाका रुपमा बार्षिक योजनामा समावेश गर्नु आवस्यक छ।विपद्ले प्रभाव पार्न सक्ने सम्भावित ठाउँ, समुदाय तथा क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी विपद् आउनुअघि गर्नुपर्ने पूर्वतयारीका क्रियाकलापहरुलाई वडास्तरबाटै योजनामा समावेश गर्नुपर्ने देखिन्छ। जोखिममा रहेका वस्तीहरुको जोखिम नक्सांकन गरी पूर्व तयारीका योजना निर्माणका साथै त्यस्ता वस्तीहरुका लागि निकास योजना समेत तयार गरी त्यसबारे समुदायलाई सूसुचित गरिनु जरुरी रहेको देखिन्छ

समुदाय तथा विद्यालयमा आधारित बाल क्लबका सदस्यहरुलाई विपद् जोखिम न्युनीकरणको बारेमा प्रशिक्षित गर्न त्यत्तिकै जरुरी छ। समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति, प्राथमिक उपचार समितिहरु गठन गर्नेप्रावधान ऐनमै रहेको छ। स्थानीय तहहरुले यस्ता समितिहरु गठन गर्नु आवश्यक छ। समितिहरु गठन गरी आवश्यकतानुसार क्षमता विकाससमेत गरिनु पर्दछ। खोज तथा उद्धार जटिल प्रकृतिको काम भएकोले त्यस्ता कार्यमा खटिनेहरुलाई आवश्यकतानुसार तालिम दिई जीवनरक्षाको लागिआवश्यक सामग्री समेतको ब्यवस्था गरिनु पर्दछ।समुदाय स्तरमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी जनचेतना जगाउनुको साथै जोखिम न्यूनीकरण तथा विपद्को अवस्थामा जनधनको सुरक्षा कसरी गर्ने भन्नेसम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक हुन्छ। बाढीको कारण हुने क्षतिलाई कम गर्न झटपट झोलाको अवधारणालाई प्रभावकारी ढंगबाट लागू गर्नु आवश्यक हुन्छ। यसले महत्वपूर्ण सामानहरु जोगाउन सफल हुने भएकोले बालबालिका तथा महिलामार्फत यस्ता सन्देशहरु समुदायमा दिनु आवश्यक हुन्छ।

स्थानीय तहहरुले पनि विपद्बाट हुन सक्ने क्षति र जोखिमको क्षेत्रहरुलाई पहिचान गरी त्यसको न्युनीकरणको लागि प्राथमिकताका साथ आवश्यकतानुसार बजेट विनियोजन गरी पूर्व तयारीको चरणमा गर्नुपर्ने कामहरुलाई प्राथमिकता दिनु जरुरी छ। विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन र नियमन,स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण, विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण योजना निर्माण, विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको स्थापना गर्ने जस्ता अधिकार स्थानीय तहलाई दिइएको छ। स्थानीय तहलाई दिइएको अधिकारलाई स्थानीय तहहरुले ठोस रुपमा उपयोग गर्न सके विपद्बाट हुन सक्ने जोखिमलाई कम गर्न सकिन्छ।

भनिन्छ, विपद् हुँदैन भारी जब हुन्छ पूरा तयारी। स्थानीय तहहरुले पूर्व तयारीका रुपमा स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, स्थानीय तहमा विपद व्यवस्थापनकालागि आवश्यकता अनुसारबजेट विनियोजन गर्ने, कृत्रिमघटना अभ्यास गर्ने,विपद प्रभावित क्षेत्रमा उद्दार तथा राहतको व्यवस्था गर्ने जस्ता कार्यहरु स्थानीय तहहरुले गर्नु आवश्यक छ। यी र यस्ता कार्यहरु गर्ने अधिकार स्थानीय सरकार सञ्चालन ऐनले समेत दिएको अवस्था छ। ऐनले दिएको अधिकार प्रयोग गरी यस्ता कार्यहरु समयमै गर्न सके विपद्बाट बर्सेनी हुने गरेको क्षतिलाई न्युन गरी समाजलाई उत्थानशिल बनाउन सकिन्छ। तसर्थ, "विपद् हुदैन भारी जब हुन्छ पूरा तयारी" भन्ने नारालाई आत्मसात गर्दै स्थानीय तहहरुले काम गर्न सक्नु पर्छ। अनि मात्र समुदायलाई विपद्को सम्भावित जोखिमबाट जोगाउन सकिन्छ। (लेखक सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत हुन्।)

# नेप्से परिसूचक पाँच अङ्कले उकालो लाग्यो



रासस
**काठमाडौँ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार सामान्य अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक पाँच अङ्कले उकालो लागेर दुई हजार ४२ दशमलव शून्य सातमा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ३० अङ्कले ओरालो लागेर तीन सय ८३ दशमलव ३९ अङ्कमा सिमित भएको छ। कारोबार भएका कूल १३ उपसमूह मध्ये छ उपसमूहको शेयर मूल्य उकालो लाग्दा सात उपसमूहको शेयर मूल्यमा भने गिरावट भएको छ। कूल ७८ लाख ९६ हजार चार सय ७८ कित्ता शेयर तीन अर्ब १६ करोड २८ लाख १० हजार आठ सय ४३ रुपैयाँ मूल्यमा कारोबार भएको छ।

नेप्सेका अनुसार कारोबार आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । कम्पनीको १७ करोड ९३ लाख ४६ हजार रुपैयाँ बराबरको कारोबार भएको छ। यस्तै, सोल्टी होटल १६ करोड चार लाख दुई हजार आठ सय ८१, नेपाल लाइफ इन्स्योरेन्स १४ करोड ९१ लाख १७ हजार एक सय ६१, आइजीआई पुडेन्सियल इन्स्योरेन्स ११ करोड ६१ लाख ८७ हजार तीन सय एक र हिमालयन डिस्टिलरी नौ करोड ३४ लाख ९४ हजार चार सय ८९ रुपैयाँ बराबरको कारोबार भइ शीर्ष पाँच भित्र पर्न सफल भएका छन्।

सिटी होटल नौ दशमलव ९७, अभियान लघुवित्त नौ दशमलव २०, बिपीडब्ल्यू लघुवित्त आठ दशमलव २०, कालिका लघुवित्त आठ दशमलव शून्य छ र सोल्टी होटलका लगानीकर्ताले छ दशमलव ८२ प्रतिशतले कमाएका छन् । भूगोल इनर्जी पाँच दशमलव ८६, मल्टप्रपोज फाइनान्स कम्पनी तीन दशमलव ८८, मिर्मिरे लघुवित्त तीन दशमलव ८१, साधना लघुवित्त तीन दशमलव ८१, एनएमबी माइक्रोफाइनान्सका लगानीकर्ताले तीन दशमलव ४१ प्रतिशतले गुमाएका छन्।

# नीति र बजेट, प्रवृत्ति र प्रगति



**डा. दीपेन्द्र रोकाया**

**काठमाडौँ ।**
हरेक वर्ष सरकारको नीति तथा कार्यक्रम सुन्दा अब त केही हुन्छ कि ! जस्तो लाग्छ । पूर्वाधार विकास कार्यक्रम सुनेर मेरो दूरदराजमा बस्ने नेपालीले पनि संविधानले प्रदान गरेको शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभूताको अधिकार उपयोग गर्न पाउनेछन् । उनीहरुलाई आफ्नो गाउँ पनि अब राष्ट्रिय सडक सञ्जालमा जोडिने छ भन्ने लाग्छ । तर वर्षौंदेखि उनीहरुका सपना यसरी नै हरेक वर्ष देखिने गर्छ र कार्यान्वयनमा आउँदैन । घोषणा भाषणमै सीमित हुने गर्छ ।
आर्थिक वर्ष २०८०/८१ का लागि राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान सरकारको ३४ पृष्ठ लामो १८८ बुँदे वार्षिक नीति तथा कार्यक्रम यही जेठ ५ गते दिउँसो सार्वजनिक गरे । यही लयमा अर्थमन्त्री डा. प्रकाशशरण महतले १० दिनपछि वार्षिक बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेट प्रस्तुत गरे । सरोकारवालाहरुले सार्वजनिक रुपमा टिप्पणी गरिरहँदा नेपाल विकास अनुसन्धान प्रतिष्ठानको आर्थिक विकास विभागमा दुई हप्ता छलफल भयो । आव २०७०/७१ देखि २०७९/८० सम्मको नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पुस्तिका हेर्दा सुनिएको र देखिएको नीति तथा कार्यक्रम र बजेटको मूल प्रवृत्ति र प्रगति हेरियो ।
सुरुमा नेपालको बजेट तर्जुमाको थालनी २००८ सालमा सुरु भएको थियो । उतिबेला आम्दानीको प्राथमिक स्रोत जग्गा कर, भन्सार र वन थियो भने अनुमानित राजस्व तीन करोड पाँच लाख थियो । खर्च चाँहि सार्वजनिक प्रशासन सेवा, रक्षा र विविध गरी मुख्य तीन भागमा विभाजन गरिन्थ्यो । त्यो बजेटको कुल खर्च पाँच करोड २५ लाख भएको थियो । नेपालको पहिलो आर्थिक बजेट २००८ माघमा र २००९ को पुसमा आर्थिक वर्ष निर्धारण गरिएको थियो । त्यसपछिका वर्षहरुमा असार र साउनलाई आर्थिक वर्ष मान्ने गरिएको छ ।
चालु खर्चमा प्रमुखतः कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक/सुविधा, कर्मचारीको सामाजिक सुरक्षा, सेवा महसुल, पुँजीगत सम्पतिको सञ्चालन र सम्भार खर्च, कार्यालय सामग्री, भ्रमण, आन्तरिक तथा बाह्य ऋणको ब्याजदर जस्ता खर्चहरु समाबेश हुन्छन् ।
पुँजीगत खर्चमा भवन तथा संरचना, सार्वजनिक निर्माण, सवारी तथा मेशिनरी खर्च, सुरक्षा उपकरण प्राप्ति खर्च जस्ता खर्चहरु समावेश हुन्छन् ।
वित्तीय व्यवस्थामा खुद ऋण लगानी, खुद सेयर लगानी, ऋणपत्र मार्फत प्राप्त ऋण सावाँ भुक्तानी, वैदेशिक ऋण सावाँ भुक्तानी जस्ता खर्चहरु समावेश हुन्छन् ।
नेपालको बजेटको आकार तीब्र गतिले वृद्धि भएको देखिन्छ । तर विनियोजित बजेटको औसत ८२ प्रतिशत मात्रै सरकारले खर्च गर्न सकेको देखिन्छ ।
पछिल्लो प्रवृतिलाई हेर्दा यो आवमा पनि विनियोजित बजेटभन्दा वास्तविक खर्च घट्ने देखिन्छ । एक दशकको वास्तविक खर्चको औसत वृद्धि दर हेर्ने हो भने लगभग १६ प्रतिशत छ । तर वास्तविक खर्चको वृद्धि दरलाई प्रचलित मूल्य र स्थिर मूल्यमा हेर्दा, प्रचलित खर्चको वृद्धिदर बढ्दै गएको देखिए तापनि स्थिर खर्चमा भने खासै वृद्धि भएको देखिदैन ।
खर्चको प्रवृत्ति हेर्दा कुल खर्चको अत्यधिक हिस्सा लगभग ६७ प्रतिशत खर्च चालु खर्चमा गएको देखिन्छ । यस्तै १५ देखि २० प्रतिशत मात्र विकास निर्माण कार्यमा खर्च भएको देखिन्छ । चालु खर्चले प्रत्येक वर्षमा पुँजीगत खर्चलाई निरन्तर उछिनेको छ । यसबाट के कुरा थाहा हुन्छ भने सरकार दीर्घकालीन लगानीभन्दा तलब, मर्मतसम्भार र प्रशासनिक खर्चमा अल्मलिनुका साथै परिवर्तनकारी परियोजनाहरूमा पर्याप्त स्रोतहरू विनियोजन गर्न सकिरहेको देखिदैन । यसैले देश कसरी विकास हुन सक्छ र ?
कूल खर्चमा राजस्वको योगदान औसत ६० प्रतिशतका साथ स्थिर रहेको छ । बाँकी रकम परिपूर्तिका लागि अन्य क्षेत्रसँग निर्भर हुनु परेको देखिन्छ । ऋणको भार बढ्दो छ । सहायता घट्दो छ । बजेटको आकार बढ्दो छ । बढ्दो बजेटसँगै राजस्वको योगदान बढ्न नसक्नु र सहायता घट्दै जाँदा, त्यस अन्तरलाई परिपूर्ति गर्न ऋणको मात्रा बढेको देखिन्छ । यसरी बढ्दो बजेटको आकारले ऋणको बोझ बढ्दै गएको देखिन्छ । नेपाली मुद्राको अवमूल्यनले ऋणको दायित्व बढेको छ । गत चैत मसान्तसम्ममा नेपालको कुल ऋण २१ खर्ब पाँच अर्ब रुपैयाँ पुगेको छ ।
बजेटको आकारलाई हेर्दा हामीले निरन्तर वृद्धि भएको देख्न सक्छौं । तर, राजस्वले यी खर्चसँग तालमेल राख्न सकेको देखिदैन । फलस्वरूप, यी लागतहरू पुरा गर्न ऋण र सहायतामा निर्भर हुनु परेको छ । सहायता घट्दो छ भने लक्षित ऋण पनि उठाउन सकिएको देखिदैन । वर्तमान आर्थिक वृद्धि दर केवल दुई प्रतिशत छ । जबकी मुद्रास्फीति लगभग ७.७६ प्रतिशत छ । यस्तो अवस्थामा सरकारले बजेट कार्यान्वयनका लागि आवश्यक समय सीमाभित्र पर्याप्त राजस्व उठाउन निकै ठूलो मेहनत गर्नुपर्ने देखिन्छ ।
यो पृष्ठभूमिमा प्रचण्ड सरकारले अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने, गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने, लगानी मैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने, आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, सङ्घीयताको सबलीकरण र सुशासन कायम गर्ने र बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्य लिएको पाइन्छ ।
यसैगरी सरकारले कृषि, ऊर्जा र पर्यटन क्षेत्रको विकास, लगानी प्रवर्द्धन, औद्योगिक विकास र व्यापार सन्तुलन, सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, डिजिटल र हरित अर्थतन्त्रको प्रवर्द्धन, वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, मानव संशाधन विकास र रोजगारी सिर्जना, वित्तीय क्षेत्र सुधार, वित्तीय सङ्घीयताको सुदृढीकरण र सेवा प्रवाहमा सुधार र सार्वजनिक वित्त प्रणालीमा सुधारजस्ता प्राथमिकता अगाडि सारेको पाइन्छ ।
सरकारले ल्याउने नीति तथा कार्यक्रम वार्षिक योजना हो । यसैमा टेकेर ल्याइने वार्षिक बजेट नै सरकारको कार्यान्वयन रुप हो । अहिलेसम्म सत्तामा पुग्ने दलहरुले निर्वाचनका बेला गरेको प्रतिबद्धता नीति तथा कार्यक्रममा हुबहु ल्याउन सकेको देखिंदैन । जति नीति तथा कार्यक्रममा व्यक्त हुन्छ, त्यही मात्रामा बजेटमा सम्बोधन गर्न सकेको पाइँदैन । यो कार्यान्वयन तहमा पुग्दा थोरै सम्पादन भएको पाइन्छ । यसैले राजनीति र सार्वजनिक प्रशासनप्रति जनविश्वास गुम्दै गएको देखिन्छ ।
नेपालको मानव विकासमा सुधार ल्याउने हो भने आयु बढाउन स्वास्थ्य क्षेत्रमा लगानी गर्नुपर्छ । दक्ष जनशक्ति निर्माण गर्न र आम्दानी बढाउन रोजगारमूलक शिक्षा दिनैपर्छ । निजी क्षेत्रलाई प्रोत्साहित गर्नैपर्छ । नेपालमा युवाहरु धेरै छन् । युवाहरु देशका इन्जिन हुन् । करिब दुई दशक यता नेपाली युवाहरुले माध्यमिक तहसम्म कहिल्यै फेल नहुने शिक्षा पाएका छन् । उनीहरु रोजगारी चाहन्छन् । बजारले दक्ष जनशक्ति खोजेको छ । तर कोरा प्रमाण पत्रको भारी बोक्न बाध्य युवाहरुले अदक्ष कामदारकै रुपमा देश छोड्नु परिरहेको छ । अमेरिका र युरोपमा कमाउने भन्दा आधा मात्र कमाई नेपालमै हुने हो भने त्यहाँ पुगेका नेपालीहरु पनि देशमै फर्कनेवाला छन् ।
यो दशकमा सरकार शान्ति र संविधान निर्माण, भूकम्पका कारण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, कोभिड महामारी नियन्त्रण हुँदै उत्पादन र रोजगारमा केन्द्रित भएको पाइन्छ । नीतिगत रुपमा देशले गन्तव्य खोजिरहेको छ । तर बजेट निर्माण गर्दा धरातलीय यथार्थतामा नटेक्ने र कार्यान्वयनमा कमजोर कार्य सम्पादन हुनुले लक्ष्य भेटाउन सकेको देखिँदैन । यसो भन्दैमा निराश पनि भइहाल्नु हुँदैन ।
नेपालको प्रकृतिलाई बचाउन हिमाल बचाउँ, नदी जोगाउँ, चुरे संरक्षण गरौं ।
मानव समाज समृद्ध बनाउन 'बालबालिकालाई लगानी, युवालाई रोजगारी र ज्येष्ठ नागरिकलाई सम्मान र सुरक्षा' कार्यक्रम लागू गरौं । सरकारले जसरी कृषकहरूका लागि भनेर 'उत्पादन साथमा, अनुदान हातमा" कार्यक्रम घोषणा गरेको छ, यहीअनुसार देशका युवालाई उत्पादनमा आकर्षित गर्ने प्रयत्न गरेको देखिन्छ । कुनै पनि नीति त्यतिकै बन्दैन । तर नीति बनिसकेपछि त्यो नीतिलाई लागू गर्नु ठुलो कुरा हुन्छ । यसैले नेपाली युवालाई सरकारका नीति तथा कार्यक्रम र बजेटमा विश्वास लाग्ने व्यवहारको खाँचो छ । (लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुनुहुन्छ)

# चर्को घामले करोडौंको ड्रायगन कुहियो



**'पहिलो पटक सुरु गरेको खेतिमा हावाहुन्डरी र तापक्रमले समस्या देखियो, ड्रायगनको बोट पहेँलिनु, फल कुहिँनुले पहिलो पटक मै नराम्रो झट्का लागेको छ । अब उत्पादन लिन तीन हप्ता कुर्नुपर्ने हुन्छ । पहिलो, दोस्रो र तेस्रो पटक फलबाट आम्दानी लिन नपाए पनि मौसमले साथ दिए तीन हप्तापछि उत्पादन हुन्छ ।'**

रासस
**पथरी।**
केही दिनदेखि लागेको चर्को घामका कारण करोडौँको ड्रायगन फ्रुट नस्ट भएको छ । तापक्रम बढेसँगै फूल फूल्दै गरेका र फल लागेका ड्रायगन फ्रुट बोटमै कुहिएका छन् । तीन पटक (लट) सम्मको फल कुहिन थालेपछि व्यावसायिक ड्रायगन किसान मार्कामा परेका छन् । चर्को घाम, पानी र हावाहुन्डरीबाट जोगाउनुपर्ने खेती भएकाले जेठ १५ देखि बढ्दै गएको तापक्रमका कारण व्यावसायिक किसान निराश बनेका हुन्।

यस वर्षको चर्को घाम र हुन्डरीले पथरी शनिश्चरे-६ का पुर्व वडाध्यक्ष जयबहादुर तामाङले सञ्चालन गरेको पुर्वाञ्चल मल्टिपल एग्रिकल्चरमा करिव पाँच देखि सात लाखसम्मको ड्रायगन क्षति गरेको छ।

'पहिलो पटक सुरु गरेको खेतिमा हावाहुन्डरी र तापक्रमले समस्या देखियो', तामाङले भने । ड्रायगनको बोट पहेँलिनु, फल कुहिँनुले पहिलो पटक मै नराम्रो झट्का लागेको उनले बताए। 'अब उत्पादन लिन तीन हप्ता कुर्नुपर्ने हुन्छ । पहिलो, दोस्रो र तेस्रो पटक फलबाट आम्दानी लिन नपाए पनि मौसमले साथ दिए तीन हप्तापछि उत्पादन हुन्छ', पूर्व वडाध्यक्ष तामाङले भने।

पथरी शनिश्चरे-८ का खगेन्द्रप्रसाद लिम्बूको मेद्यावी कृषि फर्ममा पनि ड्रायगनका बोटमा क्षति भएको छ। अढाइ बिघामा लगाएको फर्ममा भूई भरि कोपिला र दाना कुहिएर झरेका छन् । लिम्बूले यस पटकको घाम र हावाले १५ लाख रुपैयाँ बराबरको ड्रायगन कुहिएको जानकारी दिए । फर्ममा टिप्न तयार भएका फलसमेत चर्को मैसमका कारण चाउरिएर साना दाना लागेका उनले बताए।

एक पटक उत्पादन भएको फलबाट मनग्ये आम्दानी हुने भएकाले हरेस भने नखाएको लिम्बूको भनाइ थियो। 'एक पटकको लगानीले २५ वर्षसम्म उत्पादन दिने गरेको छ। सुरुमा केही समस्या भए पनि पछि सामान्य हेरचाहा गरे राम्रो उत्पादन हुन्छ,' उनले भने।

सुनवर्शी नगरपालिका-१ मा सञ्चालित तुर्छा ड्रायगन फ्रुट फर्ममा १५ देखि २० लाख रुपैयाँ बराबरको फुल्दै गरेको ड्रायगनका फल बोटमै ओइलिएर खसेका फर्मका सञ्चालक गणेश राईले बताउँछन् । लागतार एक हप्तासम्म लागेको चर्को घाम र बढ्दो गर्मीका कारण तीन लटसम्मका फल कुहिएको उनले बताए। मोरङ गछियामा व्यावसायिक ड्रायगन खेती गर्दै आएका टिएन तामाङको फर्ममा चारदेखि पाँच लाख रुपैयाँ बराबरको ड्रायगन कुहिएको छ । सुरु सुरु भएकाले अनुभव नभएको भन्दै एक्कासी लागेको घाम र हुरीले फल कुहिन थालेपछि आफूले केही गर्न नसकेको उनको भनाइ थियो।

पूर्वी नेपालमा पहिलो पटक ड्रायगन खेती भित्र्याएका सुनसरीका कृपासुर घलेले यस सिजनमा सबै व्यवसायीलाई लाखौँको घाटा भएको बताए । आफूले सञ्चालन गरेको तर्जुमा ड्रायगन फ्रुट फर्ममा मात्रै पाँच/सात लाख रुपैयाँको फल कुहिएर झरेको उनको भनाइ थियो । 'ड्रायगनले एक सिजनमा १५ देखि १९ पटक फल दिने गर्दछ। यो फल जेठबाट सुरु भएर कात्तिकसम्म फल्ने गर्छ । ड्रायगनमा फूल फूल्ने, फल लाग्ने र फल पाक्ने क्रम सँगसँगै हुन्छ। सँगै फूल फुल्ने र दाना लाग्ने भएकाले फूल फूलेको २१ दिनमा फल पाक्ने गर्दछ', घलेले भने। उनका अनुसार फल पाक्न सुरु भएपछि १९ हप्तासम्म प्रत्येक एक हप्ताको फरकमा फल टिप्न सकिन्छ।

ड्रायगन फलको नेपालमा अत्यधिक माग छ। खुल्ला सिमानाका भएकाले थाईल्यान्डलगायत बाहिरी देशबाट आएको ड्रायगन फ्रुटले नेपाली बजार चलेको छ । बाहिरबाट आयात हुने ड्रायगन फ्रुटलाई रोक नलाएसम्म नेपाली ड्रायगनले बजार नपाउने किसानको भनाइ छ । नेपाली ड्रायगनले खुल्ला बजार नपाएसम्म किसान मर्कामा पर्ने उनीहरु बताउँछन्। पूर्वमा ड्रायगन फ्रुट किसान धेरै भए पनि बजार नभएको किसानले बताउँदै आएका छन्।

नेपालमा ड्रायगन नयाँ खेती भएकाले मौसमले समस्या उब्जाएको हो। चर्को घामका कारण ड्रायगनका बोट र फल कुहिने, फङ्गर्स रोग फैलिने, बोटमा कमिला लाग्नेलगायत समस्या आउन थालेको किसानले गुनासो गरेका छन् । ड्रायगन खेती विज्ञताको कमि र औषधी सम्बन्धी ज्ञान नभएका कारण बोटमा फङ्गर्स रोगले सताउने गरेको छ । साना किसानले बजार नपाएर गाउँघरमै डुलाएर फल बेच्नुपर्ने बाध्यता छ।

# गाईभैँसीलाई लम्पीस्किनविरुद्धको खोप



रासस
**चितवन।**
चितवनका तीन हजार तीन सय ८० गाईभैँसीलाई लम्पीस्किनविरुद्धको खोप लगाइएको छ । पशु पालक किसान र स्थानीयको सक्रियतामा खोप लगाईएको हो । भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भरतपुरका पशु विकास अधिकृत डा. रामचन्द्र आचार्यका अनुसार भरतपुर महानगरपालिकाका दुई हजार नौ सय ९०, रत्ननगर नगरपालिकाका तीन सय ४० र राप्ती नगरपालिकाका ५० गाईभैँसीलाई लम्पीस्किनविरुद्धको खोप लगाइएको छ।
खोप खरिदका लागि कार्यलयमा बजेट अभाव हुँदा स्थानीय पालिका र कृषक आफैँले खोप खरिद गरी लगाएको उनले जानकारी दिए । प्रदेश सरकार र सङ्घीय सरकारले खोपका लागि बजेट विनियोजन नगर्दा समस्या आएको हो । आचार्यले भने 'सरकारले अहिलेसम्म बजेट विनियोजन गरेको छैन । अब बजेट आए पनि खरिद प्रक्रिया जाँदा ढिला हुन्छ ।' कार्यालयमा बजेट नहुँदा कृषक आफैँले खोप खरिद गरेका हुन् । अति प्रभावित क्षेत्रका पशुपालक कृषकले आफैँ खोप खरिद गरी लगाएका छन् । कार्यालयले अहिलेसम्म पाँच हजार गाईभैँसीलाई औषधि वितरण गरेको उनले जानकारी दिए । रोग न्यूनीकरणका लागि मलम, स्प्रे, ज्वरो नियन्त्रणका लागि औषधि, पोटास, फिनेल, भिरकोन जस्ता औषधि वितरण गरिएको छ ।कार्यालयले जिल्लाका प्रभावित क्षेत्रमा जनचेतनाका कार्यक्रमसमेत सञ्चालन गरिरहेको छ । जनचेतनाका लागि पालिकास्तरमा सचेतना गोष्ठी, जिल्लाका सहकारीमार्फत फ्लेक्स, ब्रुसर र पम्प्लेट वितरणलगायतका काम गरिएको उनले जानकारी दिए । रोग के हो ? रोग नियन्त्रण कसरी गर्ने ? र यसका औषधिका बारेमा जानकारी दिइएको आचार्यले बताए । लम्पीस्किनका कारण गाईभैँसी मर्न थालेपछि उच्च सतर्कता अपनाउन कृषकलाई अनुरोध गरिएको छ । जिल्लामा हालसम्म चार हजार एक सय गाईभैँसी यस रोगबाट प्रभावित भएका छन् । जसमध्ये एक सय १२ वटा मरिसकेको कार्यालयले जनाएको छ।
यस रोगका कारण जिल्लाको राप्ती नगरपालिका र इच्छाकामना गाउँपालिका बढी प्रभावित भएका छन् । जिल्लामा ९३ हजार एक सय ८२ गाई र ७२ हजार नौ सय ७८ भैँसी पालिएको छ । गाईभैँसीमा यो रोग देखापरेमा उच्च ज्वरो आउने, दानापानी कम खाने, दूध उत्पादन घटाउने, छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो गोलो गिर्खा देखिने, ओठ, मुख र नाकभित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, र्‍याल काढ्ने, लिम्फनोड सुक्नेजस्ता लक्षण देखापर्छ।
यो रोग विशेषगरी सङ्क्रमित लामखुट्टे, झिङ्गालगायतको टोकाइबाट लाग्ने गर्दछ । सङ्क्रमित गाईवस्तुको ओसारपसारबाट, सामुदायिक चरन क्षेत्र तथा दाना एवं पानी खाने ठाउँबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट यो रोग सर्ने गरेको कार्यालयले जनाएको छ । यो रोग लाग्न नदिनका लागि खोप लगाउने, विश्वसनीय स्रोतबाट गाईभैँसी खरिद गर्ने, गोठलाई झिङ्गा, लामखुट्टे तथा अन्य किराबाट मुक्त राख्ने, सरसफाइमा ध्यान दिने र आवश्यकतानुसार कीट विकर्षकको प्रयोग गर्नुपर्ने आचार्यले बताए । रोग लाग्नबाट बचाउनका लागि लम्पीस्किनविरुद्धको खोप लगाउन आवश्यक रहेको उनको भनाइ छ।

# बजेटमा महिला र मधेशलाई उपेक्षा

### स्वदेशै रोजगारी सिर्जना गर्ने गरी बजेट ल्याउन माग

नेपाली कांग्रेसका सांसद प्रदीप पौडेलले युवाहरुलाई स्वदेशमै रोजगारी सिर्जना गर्न सक्ने गरी बजेट ल्याउन आग्रह गरेका छन् । प्रतिनिधिसभाको बैठकका बजेटको मन्त्रालयगत शीर्षकमाथिको छलफलमा भाग लिँदै उनले हरेक क्षेत्रमा योग्य जनशक्ति उत्पादन गरी रोजगार गर्न युवा उद्यम बैंक खडा गरेर रोजगारी सिर्जना गर्न आग्रह गरे । उनले बजेट तर्जुमामा सांसदसँगको संस्थागत प्रबन्ध गर्न माग गरे।
नेकपा (माओवादी) का सांसद माधव सापकोटाले नेपाल वन क्षेत्रमा धनी भएपनि १८ अर्ब रुपैयाँसम्मका काठ आयात हुने गरेको टिप्पणी गर्दै बिचौलियाको स्वार्थमा काठमाथिको प्रतिबन्ध र फुकुवा गर्ने परिपाटी बन्द गर्न आग्रह गरे । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले बजेटमाथिको छलफलमा मन्त्री र सांसदको चासो र उपस्थिति न्यून हुनुले शासकीय प्रणालीमाथि चुनौती खडा गरेको उल्लेख गरे । उनले वन र वातारणको संरक्षणका लागि विद्यालय तहदेखि नै अभियान सञ्चालन गर्न आग्रह गरे । बैठकमा वन तथा वातावरण मन्त्रालय र महिला, बालबालिका तथा ज्यष्ठ नागरिक मन्त्रालयअन्तर्गतका शीर्षकमाथि छलफल भएको थियो।



रासस
**काठमाडौँ।**
सांसद राजकिशोर यादवले बजेट विनियोजनमा महिला र मधेशलाई उपेक्ष गरिएको भन्दै सच्चाउन माग गरेका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक २०८० अन्तर्गत विभिन्न मन्त्रालयगत छलफल माथि भाग लिँदै उनले बजेट विनियोजन सन्तुलित रुपमा नभएको गुनासो गरे । उनले भने 'बजेटले महिला र मधेसलाई विभेद तथा उपेक्षा गरेको छ। मन्त्री र प्रधानमन्त्रीलाई सोध्न चाहन्छु, मधेशसँग के रिस उठेको हो ? मधेशलाई किन उपेक्षा र विभेद गरिएको हो ?'

छलफलमा भाग लिँदै सांसद भानुभक्त जोशीले बजेटको विनियोजन आवश्यकता आधारमा भन्दा पनि पहुँचका आधारमा बजेट विनियोजन गरिएकाले सच्चाउनुपर्ने बताए। उनले नीति तथा कार्यक्रम र बजेट वक्तव्य अनुसार वन तथा वातावरण मन्त्रालयका लागि बजेट विनियोजन नभएको बताए । 'बझाङ जिल्लाको विभिन्न स्थानमा पहिरो नियन्त्रण र वृक्षरोपणका तथा जोखिममा रहेका बस्तीको व्यवस्थापनका लागि मन्त्रालय र विभागमा निवेदन दिएको थिए।
तर दुई वटा सिँचाइ कुलो, सुविद्यासम्पन्न शौचालय र प्रतिक्षालयमा केही रकम विनियोजन गरिएको रहेछ,' उनले भने 'कस्को सुझावमा आउछ बजेट ? यस्तो बजेटलाई कसरी समर्थन गर्ने ?'

# अदालतको फैसला मालपोतले नटेरेको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उच्च अदालतले फैसला गरेपनि एक विवादित जग्गाको मालपोत कार्यालय धनुषाले जग्गा धनीको नाम दर्ता गरी लालपूर्जा ( जग्गाधनी प्रमाणपत्र) दिन आनाकानी गरिरहेको आरोप लगाइएको छ ।
बुधवार जनकपुरधाम १० निवासी विनोद लाल कर्णले एक पत्रकार सम्मेलन आयोजना गरी उच्च अदालत जनकपुरधामले आफ्ना पक्षमा फैसला गरेपनि मालपोत कार्यालय धनुषाले जग्गाधनी महलमा आफ्नो दर्ता गरेर लालपूर्जा एक डेढ महिनादेखि आजभोली गर्दै दौडाई रहेको आरोप लगाए ।कर्णले भने आफ्नो हजुरआमा सरयुगवती कायस्तनीको नाममा रहेको कि.नं. ५९ को एक कट्ठा १६ धुर जग्गा जालसाजी गरेर सुरज देवीले फर्जी मोही कायम गराई जनकपुरधाम १३ का पूर्वअध्यक्षलाई विक्री गरेको उच्च अदालतले तिनीहरुको हकदाबी बदर गरी जग्गाधनी प्रमाणपत्र पूर्जा उपलब्ध गराउन दिन आदेश दिएपनि मोलपोत कार्यलयका प्रमुखले आजभोली गर्दै आलटाल गर्दै आएको छ । जिल्ला अदालत धनुषाले सुरजदेवीकै पक्षमा फैसला गरेपछि विनोदलाल कर्ण उच्च अदालतमा पुनरावेदन गरेको थियो । सो पुनरावेदनको सुनुवाई गर्दै उच्च अदालतले जिल्ला अदालतको फैसला उल्टाई मालपोत कार्यालय र गुठी संस्थान जनकपुरले गरेको निर्णय तथा विपक्षीहरुको गरेको मिलापत्र समेत बदर गरिसकेको अवस्थामाा मालपोत कार्यालयका प्रमुख तयूब राईनले आलटाल गरिरहेको कर्णले भने । पत्रकार सम्मेलनमा उनले भने उच्च अदालत मात्र होइन भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय समेतले अदालतको आदेश कार्यान्वयन गर्न निर्देशन दिएपनि बेवास्ता गरिदै आएको छ ।
यस सम्बन्धमा मालपोत कार्यालयका प्रमुख तयूब राईनले भने आफूमाथि लगाइएको लगाइएको आरोप सरासर गलत हो ।
उच्च अदालतले जिल्ला अदालतको फैसला उल्टाउँदै गुठी संस्थान धनुषाले २०७१/०३/०१ मा र मालपोत कार्यालय धनुषाले २०७१/१०/२६ गरेको निर्णय बदर गरेको हो । जग्गाधनी को हुने भए छुट्याएको छैन । जग्गा कसको हुने बारे त्यसमा गौण भई मुद्दाको अन्तिम किनारा लागेपछि फैसला बमोजिम गर्नु भनेको छ । अन्तिम किनारा लागेको प्रमाण लिएर आउन भनेका छौं ।

# पसलमा आगलागी हुँदा करोडौंको क्षति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको मिथिलाबिहारी नगरपालिकास्थित एक कपडा पसलमा आगलागी हुँदा करोडौंको क्षति भएको छ ।
जिल्लाको मिथिलाबिहारी नगरपालिका वडा नम्बर-७ स्थित तारापट्टी चोकमा सोही नगरपालिका वडा नम्बर-६ बस्ने अकबर नदाफले सञ्चालन गरेको न्यू आरजु वस्त्रालयमा विद्युत सर्ट भई आगलागी भएको हो ।स्थानीय रामबाबु साहको घरमा सञ्चालनमा रहेको सो कपडा पसलमा बिहीबार बिहान आगलागी हुँदा एक करोडबढिको क्षति भएको तारापट्टी प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक रामनाथ यादवले जानकारी दिए ।
इन्चार्ज यादवले प्रहरीलाई बिहान साढे ३ बजे आगलागीबारे स्थानीयले जानकारी दिएपछि धनुषाधाम नगरपालिका र जनकपुरधाम उपमहानगरपालिकाबाट बारुण यन्त्र मगाई आगो नियन्त्रणमा लिइएको जानकारी दिए ।उनले समयमै जानकारी हुँदा स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिएपछि थप क्षति हुनबाट जोगिएको जानकारी दिएका छन् ।



# वडाध्यक्षलाई फसाइएको चौधरीको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको नगराइन नगरपालिका वडा नम्बर-२ का वडाध्यक्ष बुलन यादवलाई व्यक्तिगत प्रतिशोधका कारण फसाइएको आरोप लगाइएको छ ।
लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता राजु चौधरीले कसैको प्रतिशोधका कारण अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगराइन चोकमा बोलाई निवेदनको भरमा अनुसन्धानबिना नै वडाध्यक्ष यादवलाई समातेको आरोप लगाएका छन् ।
उनले भने, 'वडाध्यक्ष बुलन यादव वेदाग व्यक्ति हुन् । आरोप लगाउनु र आरोप प्रमाणित हुनुमा धेरै फरक छ । वडाध्यक्ष यादवको विगत र वर्तमान सबैलाई थाहा छ । उनी एक इमान्दार व्यक्ति हुन्, जो आफ्नो तलबभत्ताको पैसा गरिब असहाय व्यक्तिमा बाँड्ने घोषणा पहिले नै गरिसकेका छन् । जसको पुरै पालिकामा सबभन्दा बढि इमान्दार र सरल व्यक्तिको रूपमा पहिचान छ, उही व्यक्तिमाथी झुठो आरोप, लाञ्छना र मानहानी गर्नु पक्कै पनि एक इमान्दार व्यक्तिसँगको अन्याय हो ।'चौधरीले वडाध्यक्ष यादव निर्दोष रहेको र सो कुरा आगामी दिनमा प्रमाणित हुने दाबी गर्दै षडयन्त्रकारीको षडयन्त्रसमेत विफल हुने जिकिर गरेका छन् । 'झुठा आरोप लगाउने व्यक्तिले समाजलाई जवाफ दिनै पर्छ, झुठालाई दण्ड मिल्नै पर्छ, अहिले धेरै कुरा भन्न मिल्दैन । केही दिनमै सबै कुरा प्रष्ट हुन्छ । अनुसन्धान तथा बयानको प्रक्रिया भइरहेकोले बाँकी केही दिनमै अझ धेरै कुरा पत्रकार सम्मेलनमार्फत जानकारी गराउँछु, 'उनले भने, 'यदी बुलन यादव दोषी ठहर भए म नैतिकताको आधारमा राजनीतिबाट अलविदा घोषणा समेत गर्नेछु किनकि म इमान्दार राजनीतिको वकालत गर्ने मान्छे हो । वडाध्यक्ष यादव सुरूदेखि नै यस्तो फोहोरी राजनीतिमा आउन चाहिरहेका थिएनन् । तर, हामीले जबर्जस्ती ल्याएका हौं, मैले नै उनलाई सिफारिस गरेकोले सम्पूर्ण जिम्मेवारी लिनेछु ।
'अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट खटेको टोलीले बुधबार साँझ नगराइन नगरपालिका वडा नम्बर-२ का वडाध्यक्ष बुलन यादव र वडासचिव अमृत नारायण मिश्रलाई पक्राउ गरेको थियो ।
वडाध्यक्ष यादव र सचिव मिश्रले प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको ४० लाख रुपैयाँको योजनामा नगराइन-२ मा सडक निर्माण सम्पन्न भएपश्चात् सिफारिसवापत उपभोक्ता समितिका अध्यक्षसँग ७० हजार रुपैयाँ कमिशन मागेको निवेदनको आधारमा पक्राउ परेका थिए ।

## षड्यन्त्र गरिएको लोसपाको आरोप

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल धनुषाले जिल्लाको नगराइन नगरपालिका वडा नम्बर-२ का वडाध्यक्ष बुलन यादवलाई केहि असामाजिक तत्त्वले योजना बनाई फसाउने षड्यन्त्र गरेको आरोप लगाएको छ ।
सो पार्टीका जिल्ला सचिव जीवेन्द्र झाले बिहीबार एक विज्ञप्ती जारी गर्दै यस घटनाप्रति पार्टीको गम्भीर ध्यानाकर्षन भएको जनाएका छन् ।विज्ञप्तीमा वडाध्यक्ष यादव संलग्न नरहेको लेनदेनको विषयमा उनलाई बदलाको भावनाले प्रेरित भई फसाइएको दाबी गरिएको छ ।
विज्ञप्तीमा भनिएको छ, 'हामी पनि भ्रस्टाचार र घुसखोरीको विरुद्धमा छौं । कोही कसैले यस्ता क्रियाकलाप गर्नु हुँदैन । गरेमा कानून बमोजिम कारबाही हुनुपर्दछ । तर, निर्दोषलाई कसैको पुर्वाग्रहमा दण्डित पनि गरिनु हुँदैन । यस घटनाको स्वतन्त्र र निस्पक्ष रूपमा छानबिन होस भन्ने हाम्रो माग छ ।'

# मटिहानीलाई बालविवाह र दाइजोप्रथा मुक्त बनाउन पूर्व मन्त्रीको जोड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा सदस्यसमेत रहेकीपूर्व महिला, बालबालिकातथा ज्येष्ठ नागरिक मन्त्री चन्दा चौधरीले महोत्तरीको मटिहानी नगरपालिकालाई बालविवाह र दाइजोप्रथा मुक्त पालिका घोषणा गर्नेगरी नीति कार्यक्रम र बजेट ल्याउन मटिहानी नगरपालिकालाई आग्रह गरेकी छन् ।
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोग र मटिहानी नगरपालिकाको समन्वयमा नेपाल भारत महिला मैत्री समाजले बिहीबार जनकपुरधाममा आयोजना गरेको बालविवाह तथा दाइजो प्रथाविरुद्ध सांगठनिक पहल विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधनगर्दै सांसद चौधरीले बालविवाह र दाइजो प्रथा अन्त्य गर्न अब ढिलाइ गर्न नहुने बताइन् ।
एकाइसौ शताब्दीमा आइपुग्दा पनि बालविवाह र दाइजो प्रथाकै झमेलामा अल्झिरहनु दुर्भाग्य रहेको बताउँदै उनले सभ्य र सक्षम समाजनिर्माणका लागि यी कुप्रथाको अन्त्य नगरी नहुने बताइन् । पूर्व मन्त्री चौधरीले समाज र मन्त्रालयको दायित्वमा देशभरका स्थानीयतह भएपनि परिणाममुखी कामगर्ने उदेश्यले तत्काल मटिहानी नगरपालिकामा केन्द्रित भएको बताइन् ।
'धेरै स्थानीयतहमा अलि अलि काम गर्नु भन्दा एउटै पालिकामा केन्द्रित भए कमखर्चमा पनि परिणाम देखाउन सकिने काम हुने भएकोले मटिहानीलाई नमूना पालिका बनाउन लागेका हौं' पूर्व मन्त्री चौधरीले भनिन्, 'एउटा पालिका बाल विवाह तथा दाइजो प्रथा मुक्त पालिकाको पहिचान पाएको सार्वजनिक भयो भने यसको प्रभाव देशभरका स्थानीयतहहरुमा पर्न सक्छ ।'
पूर्व मन्त्री चौधरीले मटिहानी नगरपालिकामा एउटा छुट्टै शाखा नै कायम गरेर बालविवाह र दाइजो प्रथा उन्मुलनगर्ने अठोटका साथ कामगर्न नगर कार्यपालिकालाई आग्रह गरिन् ।
कार्यक्रममा मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले बालविवाह र दाइजो प्रथाले समाजको प्रगतिमा प्रमुख बाधकको भूमिका खेलिरहेको उल्लेख गरे । उनले यस्ता परम्परागत कुरीतिविरुद्ध मटिहानी नगरपालिका गम्भिर रहेको बताउँदै नेपालभारत महिला मैत्री समाज र संघीय सरकारको महिला, बालबालिकातथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोगप्रति आभार प्रकट गरे ।
मटिहानी नगरसभामा प्रतिनिधित्वगर्ने सम्पूर्ण जनप्रतिनिधिहरुले आफ्नो छोराछोरीलाई कुनै पनि बहानामा बालविवाह नगर्ने प्रतिबद्धता जाहेर गरिसकेर अघि बढेको नगर प्रमुख मण्डलले बताए ।
अगामी दिनमा बालविवाह र दाइजो प्रथामुक्त वडा घोषणा गर्ने पूर्वाधार तयारकालागि अगुवाइगर्न सम्बन्धित वडा अध्यक्षहरुलाई अनुरोध गर्दै नगर प्रमुख मण्डलले सबै तह र तप्काबाट यसकालागि सक्रियता लिनेगरी नगरपालिकाले अगामी दिनमा कामगर्ने प्रतिबद्धता व्यक्त गरे ।
पछिल्लो पाँचवर्षदेखि मधेशमा निरन्तर क्रियाशिल रहेको नेपालभारत महिला मैत्री समाजको अगुवाइमा संचालित यो अभियानलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सहयोग गर्दै आइरहेको छ । रौतहट र सर्लाही जिल्लामा केन्द्रित यो अभियानलाई यस वर्ष महोत्तरीको मटिहानी नगरपालिकामा सार्थक परिणाम ल्याउने गरी अझ गम्भिरतापुर्वक लागेको मन्त्रालयकी शाखा अधिकृत रिता थपलियाले जानकारी दिइन् । थपलियाले मटिहानीबाट मधेश र सिंगो देशभर बालविवाहतथादाइजो प्रथा विरुद्ध सशक्त सन्देश दिनेगरी कामगर्न नगर कार्यपालिका टिमसँग आग्रह गरिन् ।



# कांग्रेसको स्वास्थ्य विभागमा एक सचिवसहित ११ जना मनोनयन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसको स्वास्थ्य विभाग मधेस प्रदेशले प्रदेश स्वास्थ्य विभागमा एक सचिवसहित ११ जना सदस्य मनोनयन गरेको छ ।पार्टीको विधान २०१७ (संशोधन सहित)को धारा ११ को (ख) बमोजिम कांग्रेस मधेस प्रदेश स्वास्थ्य विभागमा एक सचिवसहित ११ जना सदस्य मनोनयन गरिएको हो ।
जसअनुसार सचिवमा रौतहटका डा. शाहजहान ठाकुरलाई चयन गरिएको छ भने सदस्यहरूमा महोत्तरीका डा. अश्वीन कुमार झा र डा अर्पणा, धनुषाका शत्रुधन यादव र राधिका कुमारी साह, पर्साका डा. कुश राज गिरी र आदित्य तिवारी, सर्लाहीका डा. जितेन्द्र कुमार मिश्र र पशुपति कुमार यादव, रौतहटका डा. नेहाल असर्फ, सप्तरीका डा. इन्द्र नारायाण यादव र सिरहाका डा. संजीव मंगरदैता चयन भएका छन् ।स्वास्थ्य प्रमुख शर्मिला थापाले बिहीबार एक विज्ञप्ती जारी गर्दै विभागलाई पूर्णता दिइएको जानकारी दिएकी छन् ।
यसअघि कांग्रेसको स्वास्थ्य विभाग मधेस प्रदेशले चिकित्सक डा. सज्जन ठाकुरलाई स्वास्थ्य विभाग उपप्रमुखमा नियुक्त गरिसकेको छ । नेपाली कांग्रेसको विधान २०१७ ( संसोधन सहित) को धारा १३ (११) (ग) बमोजिम महोत्तरी स्थायी ठेगाना भएका डा. ठाकुरलाई गत फागुन १४ गते स्वास्थ्य विभाग उपप्रमुखमा नियुक्त गरिएको थियो ।

# यातायात कार्यालयबाट बिचौलिया पक्राउ




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले यातायात व्यवस्था कार्यालय जनकपुरधामबाट बिचौलियाको काम गर्ने एक युवकलाई पक्राउ गरेको छ ।पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१४ बस्ने २६ वर्षीय सुवास कुमार राउत रहेका छन् ।
बिहीबार दिउँसो २ बजेको समयमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१४ स्थित यातायात कार्यालयमा बिचौलियाको काम गरिरहेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटेको टोलीले राउतलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए ।पक्राउ परेका राउतलाई जिल्ला प्रहरी कार्यालयमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मोबाइल चोर पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको विभिन्न टोलमा घर, डेराबाट मोबाइल चोरी गरेको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ । महोत्तरी घर भई जनकपुरधामको बाह्रविघा रंगभूमि मैदान नजिक डेरागरी बस्ने गुड्डु कुमार राम, बिकाउ राम र सिधु ठाकुर लगायत व्यक्तिको मोबाइल चोरेको आरोपमा प्रहरीले जनकपुरधाम -८ बस्ने २१ वर्षीय शंकर दासलाई पक्राउ गरेको हो । तीन थान मोबाइल सहित पक्राउ परेका दासलाई प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# कटहरिया नगरको बेरुजु ५८ करोड पुग्यो




मधेशदृष्टि
रौतहट ।
रौतहटको कटहरिया नगरपालीकाको बेरुजु ५८ करोड नाघेको छ । बर्तमान मेयर अजय प्रकास जैसवाल र उनि भन्दा अघी पूर्व मेयर सियाराम कुशवाहाको पालाको गरी कटहरिया नगरपालीकाको हाल सम्म कुल बेरुजू ५८ करोड़ १९ लाख ३५ हजार रुपैयाँ देखिएको छ ।
आर्थीक २०७८/०७९ अर्थात मेयर जैसवालको पालमा मात्र १ वर्षको अवधीमा १८ करोड़ ८५ लाख ८८ हजार बेरुजु रहेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ ।
सो मध्ये असुल ऊपर हनु पर्ने बेरूजू १ करोड़ ४६ लाख ५० हज़ार रहेको छ । मेयर अजय प्रकास जैसवालको पालमा मात्र १ वर्षको अवधीमा ७० लाख भन्दा बढीको इन्धन खर्च देखाईएको छ ।

# भारत-अमेरिका साझेदारी नयाँ चरणमा पुग्ने विश्वास





**एएनआई**
**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनको निमन्त्रणामा प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी साता हुने अमेरिकाको राजकीय भ्रमणबाट भारत-अमेरिका सम्बन्ध नयाँ चरणमा प्रवेश गर्ने एक कूटनीतिज्ञले बताएका छन् ।

संयुक्त राज्य अमेरिकाका लागि भारतका राजदूत तरनजीतसिंह सन्धुले प्रधानमन्त्रीको भ्रमणबाट दुई देशबीचको सम्बन्धमा अर्को अध्याय थपिने बताउँदै त्यसले नयाँदिल्ली र वासिङ्टनको साझेदारीलाई सुदृढ बनाउने बताए । प्रधानमन्त्री नरेन्द्र मोदी र संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिबीचको घनिष्ठ मैत्रीलाई पनि भ्रमणले प्रतिविम्बित गरेको उनले बताए ।

एएनआई प्रतिनिधिसँगको कुराकानीमा राजदूत सन्धुले दुवै देशका मन्त्रिपरिषद्का सदस्यहरू र वरिष्ठ अधिकारीहरूले राजकीय भ्रमणबाट प्राप्त हुने उपलब्धिको प्रतीक्षा गरिरहेका बताउँदै उनले नयाँदिल्ली र वासिङ्टनको सम्बन्ध सही दिशामा अघि बढिरहेको सुनिश्चित हुने जनाए । भूमण्डलीकरणको सन्दर्भमा भारत-अमेरिका साझेदारीका विविध पक्षबारे चर्चा गर्दै भारतीय राजदूतले व्यापार, रक्षा, रणनीतिक सहयोग, प्रविधि, उच्च शिक्षा र स्वच्छ ऊर्जा क्षेत्रमा दुवै देश सहकार्य गर्न उत्सुक रहेका बताए ।

पारस्परिक विश्वास र साझेदारीलाई थप सुदृढ बनाउन तथा जनस्तरको सम्बन्धलाई पनि अझ घनीभूत तुल्याउन प्रधानमन्त्री मोदीको भ्रमण फलदायी हुनेमा आफू विश्वस्त रहेको राजदूत सन्धुले बताएका छन् । रुसले युक्रेनमाथि गरेको आक्रमणलाई वेवास्ता गरेको भारतले मस्कोसँगको साथ र सहयोगलाई बढाएको छ । वासिङ्टन र मस्कोबीचको सम्बन्ध अधिक चिसिएको अहिलेको अवस्थामा पनि रुसकौ मौन समर्थक भारतसँगको आफ्नो व्यवहारमा अमेरिकाले कुनै परिवर्तन गरेको छैन ।

चीनसँगको बिग्रिएको सम्बन्धलाई सन्तुलनमा राख्न वासिङ्टनले नयाँदिल्लीसँगको सम्बन्धलाई उच्च प्राथकिता दिएको विश्लेषक बताउँछन् । मध्य तथा दक्षिण एसियाली क्षेत्रमा चीनको प्रभाव कम गर्न अमेरिका भारतसँग निकट सम्पर्कमा काम गर्न सधैँ तत्पर रहेको छ ।

# एसिया कपमा नेपाल र भारतको खेल



**मधेशदृष्टि**
**काठमाडौं ।**
एसियन क्रिकेट काउन्सील एसीसीले एसिया कप २०२३ को मित र स्थान घोषणा गरेको छ । जसअनुसार एसिया कप अगष्ट ३१ देखि सेप्टेम्बर १७ सम्म पाकिस्तान र श्रीलंकामा हाइब्रिड मोडलमा आयोजना हुनेछ ।
प्रतियोगितामा एसियाका पाँच टेष्ट राष्ट्र र नेपालसहित ६ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् र कूल १३ खेल हुनेछ ।
त्यसमध्ये पाकिस्तानमा ४ खेल हुनेछ भने बाँकी ९ खेल श्रीलंकामा खेलाइने एसीसीले जनाएको छ ।
प्रतियोगितामा सहभागी ६ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । भारत र पाकिस्तानसँगै नेपाल समूह 'ए' मा छ ।
श्रीलंका, बंगलादेश र अफगानिस्तान समूह 'बी' मा छन् । नेपाल एसीसी प्रिमियर कपको विजेता बन्दै एसिया कपमा छनोट भएको हो । नेपालले इतिहासमा पहिलो पटक एसिया कप खेल्दैछ त्यसमा पनि विश्व क्रिकेटका दुई ठूला शक्ति भारत र पाकिस्तानसँग समूह चरणमै खेल्नेछ । सुरुमा पाकिस्तानमा हुने भएको एसिया कप पछि भारत र पाकिस्तानको विवादमा कारण अन्योमा परेको थियो ।
भारत पाकिस्तानमा गएर खेल्न नमान्ने र पाकिस्तान पनि आयोजना बाट पछि नहट्ने दावी गरेपछि हाईब्रिड मोडबलमा प्रतियोगिता हुन लागेको हो ।
भारतको सबै खेल श्रीलंकामा हुनेछ । नेपालले भने पाकिस्तानसँग पाकिस्तानमा खेल्न र भारतसँग श्रीलंकामा खेल्नेछ ।

# राष्ट्रिय भलिबल टिमको बिदाइ




**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाल भलिबल संघले काभा नेशन्स लिग खेल्ने पुरुष राष्ट्रिय भलिबल टिमको बिदाइ गरेको छ । किर्गिस्तानको बिस्केकमा आउने असार ३ देखि १० सम्म हुने प्रतियोगिताका लागि नेपाल टिम शुक्रबार त्यसतर्फ प्रस्थान गर्नेछ । बिहीबार राष्ट्रिय खेलकुद परिषद ( राखेप) का सदस्यसचिव टंकलाल घिसिङ, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दलगायतले नेपाल टिमको बिदाइ गरेका हुन् ।सेन्ट्रल एसियन भलिबल संघ (काभा) अन्तर्गत माथिल्लो वरीयताका टिमहरुसँग नेपालले नेशन्स लिगमा प्रतिस्पर्धा गर्दैछ । यो प्रतियोगितालाई नेपालले साउनमा श्रीलंकामा हुने सेन्ट्रल एसियन सिनियर मेन्स भलिबल प्रतियोगिता र असोजमा हुने एसियाली खेलकुदको तयारीका रुपमा लिएको छ । प्रतियोगितामा आयोजक किर्गिस्तानसँगै नेपाल, इरान, मंगोलिया, काजकस्तान, तुर्कमेनिस्तान र उज्वेकिस्तान छन् । प्रतियोगिता राउण्ड रोविन प्रणालीमा हुनेछ । कप्तान परिवर्तन नेपाल टिममा कप्तान परिवर्तन गरिएको छ । इम रानामगर टिममा नहुँदा ३० वर्षीय हरिहजुर थापालाई कप्तानको जिम्मेबारी दिइएको छ । इम र हरिहजुर दुवै सेटर पोजिसनका खेलाडी हुन् । त्रिभुवन आर्मी क्लबका हरिहजुरले नयाँ जिम्मेबारीका साथ आफू उत्साहित रहेको बताए । त्यस्तै टिमका नियमित लिबेरो इश्वर थापामगर पनि यसपल्ट छैनन् । उनको स्थानमा नेपाल पुलिस क्लबका भीमबहादुर गाहा मगरले नेपाल टिमको प्रतिनिधित्व गर्नेछन् ।
प्रशिक्षक जगदीश भट्ट र सहायक प्रशिक्षक भरत यादवको प्रशिक्षणमा नेपाल टिमले एक महिना तयारी गरेको हो । आर्थिक अभाव भन्दै नेपाल भलिबल संघले यो प्रतियोगिताका लागि टिमको बन्द प्रशिक्षण भने राखेको थिएन ।
नेपालको टिममा हरिहजुर थापा, लोकेन्द्रराज गिरी, मानबहादुर श्रेष्ठ, टेकराज अवस्थी, राजेन्द्र विष्ट, रोविन चन्द, दुर्गाबहादुर खड्का, हरिबहादुर अधिकारी, सफल विक, धनबहादुर भट्ट क्षेत्री, हेमन्तबहादुर मल्ल र भीमबहादुर गाहा छन् ।

# अष्ट्रेलियाको संसद्मै सिनेटरमाथि यौन आक्रमण





**एएफपी**
**सिड्नी ।**
एक जना अष्ट्रेलियाली सांसदले सदनभित्रै आफूमाथि यौन आक्रमण भएको आरोप लगाउँदै महिलाका निम्ति संसद् 'सुरक्षित स्थान' नभएको बताएकी छन् ।
बिहीबारको संसद् बैठकमा रुदै स्वतन्त्र सांसद लिडिया थोर्पेले आफूमाथि 'यौन टिप्पणी' भएको, भऱ्याङ्मा भाग्नै नसकिने परिस्थिति सृजना गरिएको केही 'शक्तिशाली पुरुष' द्वारा 'गलत नियतले छोइएको र प्रस्ताव' गरिएको दाबी गरेकी छन् ।
लिवरल पार्टीका सांसद डेभिड भानले आफूमाथि यौन दुर्व्यवहार गरेको पीडित थोर्पेको आरोप छ । डेभिडलाई उनको दलले निलम्बन गरेको छ । उनले आफूमाथि आधारहीन आरोप लगाइएको बताएका छन् ।
आफूमाथि लगाइएको आरोपबाट आफू चकित भएको उनले उल्लेख गरेका छन् । जब आरोपहरू अष्ट्रेलियाको गम्भीर मानहानि कानूनबाट सुरक्षित थिए, थोरपेले भने कि भ्यानले यस मामिलामा वकिलहरूलाई संलग्न गराएको थियो र उनले संसदीय नियमहरू नेभिगेट गर्न आफ्नो मुद्दा पुनः दोहोऱ्याउनु परेको थियो । आफूमाथि भएको यौन आक्रमणबारे बताउँदै पीडितले आफू सदनबाट बाहिरिने बेलामा सधै सर्वप्रथम सुस्तरी ढोकाबाट हेर्ने, भऱ्याङ र वरपर कोही पुरुष नभएको निर्क्योल गरेर मात्र हिँड्नुपर्ने परिस्थिति उत्पन्न भएकाले संसद् भवन नै महिलाका निम्ति असुरक्षित रहेको गुनासो गरिन् ।
संसदबाट एक्लै बाहिरिन नसकिने उनको कथन थियो । आफूले भोग्नुपरेको दुर्व्यवहारको शिकार अन्य महिला सांसद पनि भएका तर उनीहरूले आफ्नो 'करिअर' लाई महत्व दिएकाले त्यसलाई गौण राखेका उनले बताइन् ।
सन् २०२१ देखि अष्ट्रेलियाको राजनीति र संसद् यौन हमला र उत्पीडनका 'हाइ प्रोफाइल' काण्डबाट प्रभावित भएको छ । त्यसबेलाकी पूर्वराजनीतिक सहयोगी ब्रिटनी हिगिन्सले कञ्जरभेटिप पार्टीका एक जना कर्मचारीले अत्यधिक मदिरा पिएपछि क्याबिनेट मन्त्रीको संसदीय कार्यालयको सोफेमा बलात्कार गरेको आरोप लगाएकी थिइन् । अष्ट्रेलियाको संसद्मा यौन उत्पीडनका घटना बढेपछि सरकारीस्तरमा गरिएको एक अनुसन्धानले पनि सांसद र कर्मचारी यौन हिंसाको शिकार भएका पुष्टि गरेको थियो । अनुसन्धान अनुसार हरेक तीन जनामध्ये एक जना यौन दुर्व्यवहार भोल्नु परेको थियो जसमा त्रिसट्ठी प्रतिशत महिला सांसद कुनै न कुनै रुपमा यौन हिंसाको शिकार भएका थिए ।

# निस्सासिएर दुई मजदुरको मृत्यु पैतिस जना बेहोस



**सिन्ह्वा**
**काबुल ।**
अफगानिस्तानको साङ्गन प्रान्तमा निसास्सिएर दुई जना खानी मजदुरको मृत्यु भएको छ भने अन्य ३५ जना बेहोस भएका छन् ।
साङ्गन प्रान्तको दरा-ए-सुफ बाला जिल्लाको मेराक दाहाने कोइलाखानीमा बुधबार घटना भएको अफगानिस्तानी समाचार समिति खामा प्रेसले तालिवानका प्रान्तीय अधिकारीलाई उद्धृत गर्दै जनाएको हो ।
कोइलाखानी गैरव्यावसायिक भएको दरा-ए-सुफ बालाका गभर्नर मोहम्मद नसिम खैबरसेकानले बताएका छन् । सुरक्षा उपाय नअपनाउँदा उक्त घटना भएको उनले बताएका छन् । बिरामी भएका सबैको स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।
यसअघि गत शनिबार पनि अफगानिस्तानको बाघलान प्रान्तको कोइला खानीमा निस्सासिएर एकजना मजदुरको मृत्यु भएको थियो भने अर्का एकजना बेहोस भएका थिए । ताला-ओ-बरफाक जिल्लामा रहेको कोइला खानीमा काम गर्ने क्रममा विषाक्त ग्यास चुहिँदा उक्त घटना भएको सुरक्षा अधिकारीले बताएका छन् ।

# रुस-अष्ट्रेलिया विवाद उत्कर्षमा



**सिन्ह्वा**
**क्यानबेरा ।**
नयाँ रादूतावास भवन निर्माणको विषयलाई लिएर रुस र अष्ट्रेलियाबीचको विवाद उत्कर्षमा पुगेको छ ।
अष्ट्रेलियाको संसद् नजिक दूतावास भवन निर्माण भएमा त्यसबाट राष्ट्रिय सुरक्षा सुरक्षामा गम्भीर जोखिम उत्पन्न हुने भन्दै क्यानबेराले निर्माणका काम रोकेको छ ।
नयाँ दूतावास निर्माण रोकिएपछि रुस कानुनी उपचारको बाटो रोज्न बाध्य भएको र कानुनी सल्लाह लिइरहेको एक जना कूटनीतिज्ञले बताएका छन् ।
अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले देशको संसद् भवनको पारिपट्टी नयाँ दूतावास निर्माण गर्ने रुसको प्रस्तावित भवन निर्माणस्थलप्रति आपत्ति जनाउँदै त्यसले राष्ट्रिय सुरक्षामा जोखिम हुने बताएका छन् । उनको यो अभिव्यक्तिसँगै रुसी पक्ष कानुनी उपचारको बाटोमा जान लागेको हो ।

# पहिलो खेलमै दुई च्याम्पियनको भेट




**शुक्रबार, ११ अगष्ट : बर्नली भर्सेस म्यानचेष्टर सिटी**
**शनिबार, १२ अगष्ट :**
**आर्सनल भर्सेस नटिङघम फरेस्ट**
**बोर्नमाउथ भर्सेस वेष्टहाम**
**ब्राइटन भर्सेस लिटोन टाउन**
**एभर्टन भर्सेस फुलहम**
**सेफिल्ड युनाइटेड भर्सेस क्रिष्टल प्यालेस**
**न्यूक्यासल भर्सेस एस्टनभिल्ला**
**आइतबार, १३ अगष्ट :**
**ब्रेन्टफोर्ड भर्सेस टोटनह्याम**
**चेल्सी भर्सेस लिभरपुल**
**सोमबार, १४ अगष्ट :**
**म्यानचेष्टर युनाइटेड भर्सेस वोल्भ्स**

**मधेशदृष्टि**
**काठमाडौं।**
डिफेण्डिङ च्याम्पियन म्यानचेष्टर सिटीले इंग्लिस प्रिमियर लिग फुटबलको नयाँ सिजिनमा पहिलो खेल नै बर्नलीसँग खेल्ने भएको छ । बिहीबार सार्वजनिक पहिलो राउण्डको खेल तालिकाअनुसार बर्नली र सिटीको खेल ११ अगष्ट (२६ साउन)मा हुनेछ । सिटीले यो सिजन लिगसँगै एएफ कप र च्याम्पियन्स लिगको उपाधि जितेको छ।
पेप ग्वार्डिओला नेतृत्वमा सिटीले पछिल्लो ६ सिजनमा ५ उपाधि जितेको छ। र, यो सिजन लगातार चार लिग उपाधिको होडमा हुनेछ । दोस्रो डिभिजनको लिग ईएफए च्याम्पियनसिपको विजेता बर्नलीको प्रशिक्षक भिन्सेन्ट कम्पोनी हुन्, जसले ११ वर्ष सिटीबाट खेलेका थिए र चार लिग उपाधि जितेका थिए।
पोचेचिनो नयाँ प्रशिक्षक पाएको चेल्सीले सिजनको पहिलो खेल लिभरपुलसँग १३ अगष्टमा खेल्नेछ।

# वीरगंजमै पहिलोपटक गहवामाई रथ यात्राको तयारी गरिदै





**मधेशदृष्टि**
**वीरगंज।**
देशका प्रमुख दश शक्तिपिठ मध्ये एक रहेको वीरगंजको गहवामाई शक्तिपिठको बार्षिक उत्सवको अवसरपारी वीरगंजमै पहिलोपटक निकालिन लागिएको गहवामाई रथ यात्राको तयारी तिब्र पारिएको छ।
गहवामाईको नवनिर्मित मन्दिरको ११ औं बार्षिकउत्सवको अवसर पारी आगामी असार ५ गते पहिलोपटक रथ यात्रा निकालिने भएको हो।
गहवामाई रथ यात्रा अषाढ ५ गतेका दिन बिहान ६ बजे गहवामाई मन्दिर प्रांगणबाट सुरु भई दुई नम्बर रोड हुँदै रामटोल, रेशमकोठी , विर्तामन्दिरबाट मेनरोड हुँदै अलखियामठ, आदर्शनगर, माईस्थान भएर पुन गहमावमाई मन्दिरमा पुगेर समापन हुनेछ।
रथ यात्रमा हिन्दु धर्म र संस्कृति झल्किने झाँकीका साथै निशान र शोभायात्रा पनि प्रदर्शन गरिने गहवामाई रथ यात्रा समितिका अध्यक्ष श्याम पोखरेलले जानकारी दिए। रथ यात्राले नगरपरिक्रमापछि अषाढ ५ गते साँझ गहवामाई मन्दिर परिसरमा बृहत भजनकृतन पनि आयोजना हुने पोखरेलले बताए।
रथ यात्राको भोलीपल्ट असार ६ गते बिहान गहवामाईलाई ५६ प्रकारको भोग चढाइने र त्यहिदिन भक्तजन तथा दर्शनार्थीहरुका लागि भण्डारा पनि सञ्चालन गरिने समितिका सदस्य मुन्ना सर्राफले जानकारी दिए। रथ यात्राका लागि अहिले आकर्षक रथ बनाउने काम तिब्र गतिमा भई रहेको सर्राफले बताए। रथ निर्माणमा करिब ४ सय घनफिट काठ प्रयोग गरिएको छ। रथ निर्माणको लागत मात्रै करिब १५ लाख रुपैयाँ रहेको सर्राफले बताए।
भारत र नेपालकागरि १० जना भन्दा बढी कारिगरहरु रथ निर्माणमा दिनरात खटिरहेको पोखरेलले बताए। रथ निर्माण लगायत रथ यात्राको सबै तयारीको काम असार ३ गतेनै सक्नेगरि समिति लागिपरेको पोखरेलले बताए।
रथ यात्रा आयोजनामा लाग्ने खर्चका लागि भक्तजनहरुले स्वेच्छाले आर्थिक सहयोग गरिरहेका छन्। रथ यात्रा आयोजक समितिले कहिंबाट पनि संस्थागत रुपमा चन्दा वा आर्थिक सहयोग नलिएको सदस्य सर्राफले बताए।

# सानो पाइला सहकारी संस्थाका संचालक सम्पर्क विहीन, सयौं बचतकर्ता विचल्लीमा




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको आदर्शनगरमा मुख्य कार्यालय रहेको सानो पाइला बचत तथा ऋण सहकारी संस्थाका संचालक सम्पर्क विहिन भएपछि सहकारीमा रकम जम्मा गरेका सयौं स्थानिय वासिन्दा विचल्लीमा परेका छन्।
बचतकर्ताहरुले विहिबार सानो पाइला बचत तथा ऋण सहकारी संस्थामा धर्ना समेत दिएका थिए। सहकारीका संचालक तथा सदस्यहरु सम्पर्कबिहिन भएपछि कार्यालय खुलेपनि कर्मचारी मात्रै बस्दै आएका छन्। दिनहु सहकारीको कार्यालयमा पैसा जम्मा गर्ने सयौं व्यक्तिहरु पुग्दा कर्मचारीहरुले तनाव झेल्नु परेको छ। निम्न तथा मध्यमवर्गिय व्यक्तिहरुले दुखगरी जम्मा गरेको करोडौ रुपैया लिएर संचालकहरु सम्पर्क विहिन भएको आरोप बचतकर्ताहरुको छ।
२० लाख जम्मा गरेका एक बचत कर्ताले आफनो रकम निकाल्न खोज्दा खातामा रकम नरहेको भन्दै एक पटकमा ५ हजार सम्म मात्रै दिन सक्ने कर्मचारीले बताएको पिडितले बताएका छन्।
विहिबार सानो पाइला बचत तथा ऋण सहकारी संस्थामा पैसा लिन पुगेका सयौं बचतकर्ताहरु पैसा नपाएपछि धर्नामा बसेका थिए।
उत्पन्न समस्याका बारेमा पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले हाल आफू काठमाण्डौ आएको र उत्पन्न समस्या वीरगंज आए लगतै समाधानका लागि पहलकदमी गर्ने बताए। उनले सानो पाईलाका संचालकले बचतकर्ताको पैसा लिएर फरार भएको भए उनिहरुलाई खोजी गरी पक्राउ गरेर कारवाहीको दायरामा ल्याउने बताए।
यता वीरगज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले सर्वसाधारण बचतकर्ताको रकम पचाउने हिम्मत कसैको नभएको भन्दै पिडित बचतकर्ताको पक्षमा आफू रहेको र यसको लागि कानुनी उपचार खोजिने बताए।

# धोबिनीमा एक बर्षमा १५ लाख खाजामा खर्च गरेको खुलासा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको धोबिनी गाउँपालिका कार्यालयमा एक वर्षको अवधिमा झन्डै १५ लाख रुपैयाँ खाना खाजामा खर्च गरेको पाइएको छ।
गत आर्थिक वर्ष २०७८/७९ मा धोबिनी गाँउपालिकाको कार्यालयले विविध खर्चका लागि भन्दै ४० लाख रुपैयाँ विनियोजन गरेको थियो। त्यहि बजेटबाट झन्डै १५ लाख रुपैयाँ खाजामा मात्रै खर्च गरेको पाइएको हो। महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको धोबिनी गाउँपालिकाको वार्षिक लेखापरिक्षणको प्रतिवेदनअनुसार धोबिनी गाउँपालिकाको कार्यालयले विभिन्न १५ वटा होटल र मिठाईं पसलबाट १४ लाख ९५ हजार ८३० रुपैयाँको खाजा नास्ता खरिद गरेको उल्लेख छ।
खर्च गर्नेमा पूराना र नयाँ जनप्रतिनिधि दुवै छन्। २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचन पूर्व रहेका जनप्रतिनिधि र पछि निर्वाचित भएर आएका नयाँ जनप्रतिनिधिले समेत मनपरी ढङ्गले खाना र खाजामा मात्रै उक्त रकम खर्च गरेको महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ। धोबिनी गाउँपालिका कार्यालयले खाजा खर्च बापतको बिल पेश गरेपनि खर्च गर्नुपर्ने आधार स्पष्ट पार्न नसकेको पनि उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ। विविध खर्चको उद्देश्य र खर्चको यथार्तता प्रमाणित गर्नुपर्नेमा गाउँपालिका कार्यालयले त्यस्तो गरेको देखिँदैन।



खर्चको आधार स्पष्ट नपार्दा खाना र खाजा खर्चमा समेत गाउँपालिका कार्यालयले अनियमितता गरेको प्रष्ट भएको छ।
त्यस्तै धोबिनी गाउँपालिकाले एक वर्षकै अवधिमा चिया पकाउनका लागि एलपीजी ग्यास भराउन मात्रै २ लाख भन्दा बढी रकम खर्च गरेकोपनि पाइएको छ।
धोबिनीगाउँपालिका कार्यालयले २०७८ फागुन २२ गते नेपाल जेनरल अर्डर सप्लायर्सलाई सिलिण्डरमा ग्याँस भर्न बापत १ लाख १ हजार ७५ रुपैयाँ र २०७९ वैशाख २५ गते फेरी सोही सप्लायर्सलाई १ लाख ८ सय रुपैयाँ गरी कूल २ लाख १ हजार ८७५ रुपैयाँ भुक्तानी गरेको देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।
गाउँपालिका कार्यालयमा एउटा चिया पकाउने बाहेक ग्याँस सिलिण्डरको अरु केही प्रयोजन नदेखिएको हुँदा वर्षभारीमा कसको ग्याँस रिफिल गरेको हो साथै कहाँ प्रयोग भएको भन्ने प्रमाणित हुने आधार लेखापरीक्षणको क्रममा नदेखिएको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ।

# विन्दबासिनीमा बर्थिङ्ग सेन्टरको नाममा लाखौंको सामान खरिद




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको विन्दबासिनी गाउँपालिका भरिनै बर्थिङ सेन्टर नभएपनि बर्थिङ सेन्टरका लागि आवश्यक पर्ने लाखौं मुल्य बराबरका सामान खरिद गरिएको पाईएको छ।
महालेखा परिक्षकको कार्यालयले हालै जारी गरेको अडिट रिपोर्टमा बर्थिङ सेन्टरका लागि पाँच लाख मूल्य बराबरको न्यानो झोला खरीद गरी गोदाममा थन्क्याइएपछि सो रकमले बेरुजू मात्र नभई भ्रष्टाचारको सीमा नाघेको पाइएको हो। उक्त सामानहरु चालू वर्षको लागि मात्र खरीद गरेको नभई प्रत्येक आवको वार्षिक बजेटबाट खरीद हुँदै आएको महालेखापरीक्षकको कार्यालयले जानकारी दिएको हो। पालिकाले प्रत्येक आर्थिक वर्षमा न्यानो झोला खरीद गर्दै आएको स्वास्थ्यकर्मीहरूले नै बताएका छन्।
विन्दबासिनी गाउँपालिका बाहेक पर्साका १३ वटै पालिकामा बर्थिङ सेन्टर सञ्चालनमा छन्।
जनप्रतिनिधिहरूको लापरवाहीका कारण हालसम्म विन्ध्यवासिनी गाउँपालिकामा भने बर्थिङ सेन्टर सञ्चालनमा आउन नसकेको स्थानियको भनाइ छ।
महालेखा परिक्षकको प्रतिवेदनले उक्त गाँउपालिकामा २० करोड सात लाख ७७ हजार बेरुजू रहेको उल्लेख गरेको छ। त्यस्तै नियम अनुसार उक्त गाउँपालिकाले १९ लाख बराबरको इन्धन खर्चिनुपर्नेमा ३३ लाख ९४ हजारको इन्धन खरीद गरेकोमा सचेत गराएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

# माग पुरा नगरिए भन्सार ठप्प पार्ने एजेण्टको चेतावनी




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज तथा ड्राईपोर्ट भन्सार कार्यालयमा कार्यरत भन्सार एजेण्टहरुले आफूहरुले उठाएको माग आईतबारसम्म पुरा नभए भन्सार ठप्प पार्ने चेतावनी दिएका छन्।
आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत आएको भन्सार ऐन, नियमावली २०८० मा भएको संशोधनमा भन्सार एजेन्ट प्रतिनिधिको व्यवस्थालाई नै अनुचित ,अव्यवहारिक र गैरजिम्मेवारी पूर्वक हटाएकोमा भन्सार एजेन्ट महासङ्घले आपत्ति जनाएको छ। महासङ्घले भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेललाई ज्ञापन पत्र बुझाउँदै निर्णय नसच्याए काम ठप्प चेतावनी दिएको छ।
महासङ्घले आफूहरूले पाएको अधिकार राज्यले नाजायज तवरले खोसेको बताउँदै उक्त संशोधनले गर्दा विगत २० औ वर्ष अगाडी देखि नै भन्सारमा भन्सार एजेन्ट सोसरह काम कार्य गर्दै आयका करिब ३०० जना प्रतिनिधिहरूले रोजीरोटी गुमाउनु परेको बताएको छ। हालसम्म कार्यरत भन्सार एजेन्टको उचित व्यवस्थापन गर्नुपर्नेमा सरकार गैह्नजिम्मेबार बन्दा ३०० जना भन्सार एजेन्टको बिचल्ली भएको भन्दै महासङ्घले आपत्ति जनाएको वीरगंज भन्सार एजेन्ट संघका पूर्व सहसचिव भानुभक्त अधिकारीले बताए।
उनले शुक्रबार सम्ममा समस्याको निकास निकाल्न महानिर्देशकलाई आग्रह गर्दै यदि शुक्रबारसम्म पनि भन्सार विभागबाट भन्सार एजेन्ट प्रतिनिधि सम्बन्धित ठोस निर्णय नआएमा आइतबार देखि वीरगञ्जलगायत नेपालको सम्पूर्ण भन्सार कार्यालयमा काम काज समेत रोक्ने चेतावनी दिए।

# करेन्ट लागेर मजदुरको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
बाराको देवताल स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको भवन निर्माणको काम गर्दै गरेका एक मजदुरको विहिबार करेन्ट लागेर मृत्यु भएको छ।
देवताल गाउपालिका वडा नं. ४ मा रहेको नेपाल राष्ट्रिय माध्यामिक विद्यालय पिप्राढीमा निर्माण भईरहेको ४ कोठे भवनको लागि काम गरिरहेका देवताल गाउँपालिका वडा नम्बर ४ निवासी सुनिल रामको विहिबार करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ।
ताज कन्सट्रक्सन बिरगंज, पर्साले ठेक्का कबुल गरि भवन निर्माणको काममा ज्यामीको रुपमा कार्यरत रामले भाईब्रेसन मेसिन चलाउने क्रममा करेन्ट लागेर मृत्यु भएको हो।
कन्सट्रक्सन कम्पनीको लापरवाहीको कारण सो घटना भएको मृतकका परिवारले आरोप लगाएका छन।
मृतकको शव पोष्टमार्टमका लागि कलैया अस्पतालमा लगिएको छ।

# सिम्रौनगढमा नयाँ प्रशासकीय अधिकृत



**मधेशदृष्टि**
**वीरगंज।**
बाराको सिम्रौनगढ नगरपालिकामा नयाँ प्रमुख प्रशासकिय अधिकृतको कार्यभार प्रकाश खनालले सम्हालेका छन्। सोह्रौ प्रमुख प्रशासकिय अधिकृतको रुपमा विहिबारबाट कार्यभार सम्हाल्दै उनले सिम्रौनगढस्थित ऐतिहासिक धरोहरको रुपमा रहेको कंकालीमाई, रामजानकी मन्दिर, रानिवास जस्ता सम्पदाले पालिकाको महत्व बढाएको उल्लेख गरेका छन्। प्रमुख खनालले आफ्नो कार्यकालसम्म नेपालको सविंधान, संघ, प्रदेश तथा स्थानिय कानुनले तोके बमोजिम जिम्मेवारी पूरा गर्नु आफ्नो दायित्व रहेको जानकारी दिए। उनले नगरपालिकाको वार्षिक निति तथा कार्यक्रम अनुरुप नै बजेटको सहि तरिकाले प्रयोग गरि नगरपालिकाको बिकासमा सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले सिम्रौनगढ नगरपालिकालाई सुशासनतर्फ अगाडि बढाउन लागि पर्नेमा जोड दिए।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन